


Downloaded from http://dhamma.digital

# नेपालमा थेरवादबुद्धधर्मको भविष्य

लेखक तथा प्रकाशक

**भिक्षु अश्वघोष**

Downloaded from http://dhamma.digital

प्रकाशक - भिक्षु अश्वघोष
प्रकाशनतिथि - २०६४ आश्विन १५ गते

बुद्धसम्वत् - २५५१
नेपालसम्वत् - ११२७
इस्वीसम्वत् - २००७
विक्रमसम्वत् - २०६४

प्रकाशित प्रति - २०००

मुद्रक -
कान्तिपुर प्रिण्टिङ्ग प्रेस
काठमाडौं, नेपाल ।
इ-मेल : pathsetter@wlink.com.np

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# कुराको कुरा

"नेपालमा थेरवादबुद्धधर्मको भविष्य" विषयको कुरा भिक्षु अश्वघोषको मात्र कुरा नभएर बुद्धधर्मसँग सम्बन्धित यावत् कुरा हो । वास्तविकता हो । अनुभव हो । धर्मदेशना भनूं, प्रवचन भनूं, भाषणै सही यो एउटा त्यागी भिक्षुको वक्तव्य भएर पुस्तकको रूपमा प्रकाशित समसामयिक बौद्धजगत्को विषय हो । लेखक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको स्पष्टवादीताको यो एउटा प्रमाण हो । भिक्षुको अर्थ भिक्षाजीवी हो । माग्नु, प्रार्थना गर्नु अनि दानको रूपमा दिइने बस्तुलाई भिक्षा भन्दछ । भिक्षाको लागि घुम्नुलाई भिक्षाटन भनिन्छ । भिक्षाटन विविधप्रकारको हुने गर्दछ । भिक्षाटनका प्रकारमध्ये बौद्धभिक्षुको भिक्षाटन आफ्नैप्रकारको हुन्छ । याचक जो पनि हुन सक्छ । बौद्धभिक्षु बन्नु भने सजिलो छैन । यसको आफ्नै नियम र आफ्नै पन हुन्छ । बौद्ध भएतापनि निकायअन्तर्गत विविधप्रकारका भिक्षु हुने गर्छन् । विभिन्न निकायमध्ये एउटा "थेरवाद" हो । यो पुस्तकको मूलविषय थेरवादको पहिचान हो । थेरवादको मूल आधार



Downloaded from http://dhamma.digital

स्वयं सम्यक्सम्बुद्ध तथागत शाक्यमुनि गौतम बुद्ध हुनहुन्छ । गौतम बुद्धबाट प्रतिपादित चतुरार्यसत्य र आर्यअष्टांगिक मार्ग बुद्धका शिक्षा हुन् । सम्पूर्ण बुद्धोपदेश यिनकै आधारमा रहेका छन् । बुद्धको उपदेशलाई नै धर्म भनिने कुरा स्वयं बुद्धले भन्नुभएको छ । बुद्धद्वारा देशित धर्म भएको हुनाले यसलाई बुद्धधर्म भन्ने गरिएको छ ।

बुद्धका अनुसार "धर्म" एउटै हो । बुद्धबाट देशित भएको हुनाले "बुद्धधर्म" मात्र भने पुग्नेमा समय बित्दैगएपछि यसलाई "थेरवाद" भन्नुपर्ने अवस्था भयो । बुद्धधर्मसम्बन्धमा नयाँ शास्त्रहरू प्रादुर्भाव भए । यी शास्त्रहरूमा लिखित कुराहरूलाई बुद्धवचन भनेर दाबी गर्दै धर्मको रूपमा व्याख्या गरिएको छ । यी व्याख्यामा पहिलेका बुद्धवचन भनिएका कुराहरूसँग फरककिसिमका विधि, विधान र नियम पालन गर्नमा जोड दिइएको पाइयो । वेदमा प्रचलित धार्मिक विधि होम, यज्ञजस्ता कुरालाई बुद्धले निर्वाणमार्ग होइन भन्नुभएको छ । यति हुँदाहुँदै पनि होम यज्ञादिको नै अनुशीलन गरी बुद्धधर्ममा लागेको भनी गौरव मान्ने बौद्धहरू देखिन लागे । यहाँनिर बुद्धधर्मका कुराहरू बाझिए । बौद्धहरूमा



Downloaded from http://dhamma.digital

फरक फरक आचरण रहन गयो । बौद्धहरू कोही थेरवादी र कोही महायानी हुन पुगे । थेरवादमा बुद्धकालीन घटना र कुराहरू धेरै पाइन्छन् । थेरवाद पूर्ण आचरण र आदर्शमा रहने भएको ले यसका विधिहरू कडा हुन सक्छन् र लोकजनको लागि केही केही सरल पनि हुन सक्छ । यो वादमा शाक्यमुनि बुद्धका प्रामाणिक वचनहरूलाई ख्याल गरिने हुन्छ । यसै परिप्रेक्षमा लेखक-द्वारा "नेपालमा थेरवादबुद्धधर्मको भविष्य" सम्बन्धमा आफ्ना कुरा राख्नुभएको देखिन्छ ।

बुद्धधर्ममा थेरवादप्रतिको चिन्ता भनेको मानिसको लागि आदर्श जीवनप्रतिकै चिन्ता हो । कुनैपनि आधुनिकताले आदर्शताप्रति जति खिज्याएपनि प्रकृतिमय रहेको मानवजीवनको वास्तविक हित सुख यसैमा आधारित रहेको हुन्छ । यो कटुसत्य हो कि मानिसले जीवनको उत्तरार्द्धको अन्त्यमा सकारिने कुरा यही हुँदोरहेछ । थेरवादबुद्धधर्म मौलिक बुद्धधर्म हो । यो कुरा नचाहेर पनि मान्नुपर्ने ऐतिहासिक विषय हो । भिक्षु अश्वघोषले यहाँ थेरवादीको व्यवहारमा देखिएका बिडम्बनापूर्ण व्यवहारप्रति निर्भयतापूर्वक



Downloaded from http://dhamma.digital

आफ्नो कुरा राखिदिनुभएको छ । यसलाई चाहे जोसुकैले जे भनोस् "आफ्नै कुरा" भनिदिनुभएको छ ।

बुद्धधर्म कुनैप्रकारको जातिभेद, वर्गभेद र उच्चनीच नभएको धर्म हो । नेपाली बौद्धजगत्मा जातभेद र वर्गभेदजस्ता व्यवहार तड्कारोरूपमा विद्यमान रहेको छ । यसले गर्दा धर्मकै विभाजन भएझैं देखिएको छ । यसविषमा बुद्धको परिनिर्वाणपछिको १०० वर्षलगत्तैको बुद्धधर्मसम्बन्धमा आएका वादविवादका कुरालाई यहाँ संझाइएको छ । बुद्धकालीन बुद्धशिक्षालाई नै आधार मानी लेखकले आजका जनजीवन वलम्बन गरिराखेकाहरूलाई सुखमय जीवनको लागि धर्मको कुरा संझाउने जमर्को गर्नुभएको छ । कोही पनि व्यक्तिले आफू विद्वान् बनेर, गुरु बनेर अरूलाई संझाउने बुझाउने हो भने पहिले आफू स्वयंलाई उचित मार्गमा लगाएर त्यसपछिमात्र अरूलाई उपदेश दिनु उचित हुन्छ भनी बुद्धवचनको कुरा संझाइएको छ । धर्मप्रचारकहरूमा स्वार्थभावना आउन सक्ने र सहनशीलता घट्न सक्ने कुरामा सचेत हुनुपर्नेतिर पनि यहाँ जोड दिइएको छ ।

धर्मकार्य गर्नु भनेको मानिसलाई चिन्तारहित बनाई



Downloaded from http://dhamma.digital

जीवनलाई सुखमय पार्नु हो । मानिसको संस्कार वरदान र आशीर्वाद पाउनुमा जमिसकेको देखापरेको छ । कोही उपासकहरू आफ्नो जन्मदिनमा परित्राणपाठ गराई दिवंगत भएका आफन्तको निर्वाण कामना गर्ने गर्दछन्, कोही मुद्दामामिलामा विजय होस् भनी चाहना गर्छन् भने कोही उपासिकाहरू हराएका आफ्ना सुनको हार तथा गरगहना भेट्टियोस् भनी पुकार्ने हुन्छन् । उनीहरू भिक्षुहरूलाई पुरोहितसरह मानी घरमा बोलाएरपर्यन्त परित्राणपाठ गराउने गर्दछन् । उता भिक्षुहरू पनि कर्मकाण्डी विधानलाई प्रोत्साहित गर्नेखालले जन्मदिनजस्ता सानातिना घरायसी पर्वमा घरघरमा निमन्त्रणा गै पुरोहितकार्यलाई सघाएझैं गरी परित्राणपाठ गर्ने भएका देखिन्छन् । बुद्धधर्मको प्रचार प्रसार र धर्मको पालन गरेको भन्ने प्रक्रियाको रूपमा उपासक उपासिका र भिक्षु भिक्षुणीपर्यन्त यस्ता कर्मकाण्डी पद्धतिर लाग्ने गरेको देखिँदा थेरवादको भविष्य यतिकैमा अड्किने हो कि भनेझैं लाग्नु कुनैपनि विचारकको लागि स्वाभाविक हो । बौद्धसमाजमा नै नाममा थेरवाद भनेर काममा नानावाद हुने गरेको कुरा देखिँदा वास्तविक



Downloaded from http://dhamma.digital

थेरवादी बुद्धानुयायीहरूको लागि धर्मसम्बन्धमा नै अन्योलमा पर्नु आश्चर्यको कुरा हुनेछैन । भिक्षुहरू कुनै श्रद्धाञ्जलीसभामा गई अरू सामान्यजनहरू-सरह दिवंगत व्यक्तिको फोटोमा माल्यार्पण गर्ने, स्वागत-समारोह आदिमा माला लाएजस्तै गरी खाता ग्रहण गर्ने, खाता लाएको पोजिशनमा फोटो खिचाउने आदि व्यवहारले थेरवादी परम्परा कतातिर जान लागिरहेको छ भनिरहनुपर्लाजस्तो छैन । भिक्षुहरूले १२ बजेअघि खाइसिध्याउनुपर्छ भनी समारोहकै बीचमा भिक्षुहरू उठेर जाने र आयोजकहरूले भिक्षुहरूलाई उठाएर लैजाने गरी समारोहको उद्देश्यमा नै आघात पर्ने गरी सभा नै खल्लो हुने किसिमले हुने गरेको व्यवहारमा कसैको ध्यान नजानु कार्यक्षेत्रमा नै सरासर आलोच्यविषय बन्न गएको छ । यस्ता कुराहरूमा थेरवादीले कुनप्रकारले विचार गरिरहेको छ भन्ने कुरा बुझ्न यो पुस्तिकाले ठूलो मद्दत गरेको छ ।

थेरवादबौद्धसंस्कार लुप्तप्रायः भएको बेला पुनर्जागरण-स्वरूप यहाँ भिक्षुहरूको पुनरागमन भयो । जातपातको संस्कार ले कोचिइरहेको त्यसबेला जातपातविरुद्धको सिद्धान्तलाई



Downloaded from http://dhamma.digital

पछ्याउने धर्ममा भिक्षुहरूले भोजन गरेको थाललाई भोजनको लागि निमन्त्रणा गर्ने दाताहरू स्वयंले नउठाउने त्यो अवस्था थियो । भिक्षुहरू जुनसुकै जातको पनि हुन सक्ने भएको हुँदा ती भिक्षुहरूको जुठो थाल पखाल्न छुट्टै व्यवस्था गरिरख्ने हुन्थ्यो । आज आएर भिक्षुहरूबीच यस्तो भेदभावनीति छोडिएको छ । नेपालमा थेरवादको पुनःप्रवेशको यो एउटा ठूलो उपलब्धि भएको छ ।

यहाँ एउटा मननीय कुरा उल्लेख रहेको छ कि गौतम बुद्धले धर्म प्रचार गर्दा धर्मलाई कुनै नाउँ दिइएको थिएन, परन्तु पछि आएर स्वयं बुद्धभूमि नेपालउपत्यकामा धर्मलाई साम्प्रदायिक नाउँ दिएर प्रचार गर्न थालियो । तृष्णा क्षय गरी निर्वाणमार्गमा जाने स्थविरवादी भिक्षुहरू रहेको धर्मलाई "हीनयान" नाउँ दिइयो । अर्को नयाँ यानको रूपमा खडा भएको निकायलाई महायान भनी नामकरण गरियो । सम्प्रदायविहीन बुद्धधर्ममा यानविभाजनले साम्प्रदायिकता अँगालियो । यसले गर्दा बुद्धधर्ममा नै विखण्डन भित्रियो । तब बौद्धहरूमा धर्मसम्बन्धमा बांगो दृष्टि रहन गयो । यसविषयलाई सोचनीयरूपमा यस पुस्तकमा उल्लेख



Downloaded from http://dhamma.digital

गरिएको छ ।

राजा जयस्थिति मल्लको समयअघि नेपालमै बुद्धधर्म थेरवादकै रूपमा रहेको थियो । त्यसपछि यहाँ भिक्षुहरूको नामोनिशान इतिश्री गराइयो । समय बित्दै गएपछि शाहीशासनको राणाकालमा नेपालमा पुनः भिक्षुहरू देखापऱ्यो । त्यसबेला पनि राज्यशासक नै बुद्धधर्मको विरोधमा खडा भएर भिक्षुहरूलाई देशनिकाला गरियो । धर्मपरिवर्तन गऱ्यो भनी आरोप खाएर लखेटिएका भिक्षु महाप्रज्ञा भेष बदलेर आफ्नो देशमा धर्मसंरक्षणार्थ संलग्न रहेको जस्ता लुकेको इतिहास पनि यस पुस्तकले खुलाइदिएको छ । नेपालमा थेरवादशासनभित्र महिलाजागरण रहेको कुरा कम महत्त्वको छैन । बुद्ध ईश्वर होइन, मानव हो भनेर बुझाउँदै पञ्चशील प्रार्थना गर्नुको मतलब सम्झाई भिक्षुहरूले गर्ने गरेका धर्मदेशना लोकप्रिय हुँदैगएको बेला विहारहरूमा नियम खुकुलो हुँदै ईश्वरवादिताको आधारमा रहेको भक्तिवादिताको संस्कार यथावत् प्रचलनमा रहिरहेको वास्तविकता पनि यहाँ बताइएको छ । भिक्षुजीवन चरित्रसुधारको लागि नयाँ बाटो र प्रचार को लागि हो । भिक्षुहरूबाट भएको धर्मदेशना यस्तै सुधार



Downloaded from http://dhamma.digital

को लागि भयो । त्यसबेला अन्य पण्डित विद्वान्हरूबाट हुने धर्मदेशना कथाको रूपमा मात्र हुने भएको ले धैरेलाई वाक्क र दिक्क पारेको थियो ।

चरित्रसुधारको धर्म भनी मान्दामान्दै पनि, पूजामा सरलता ल्याउने चाहना हुँदाहुँदै पनि भिक्षुहरूको समक्ष पूजा हुने बेलामा समेत ढकी , किस्तीहरूमा सामान राखी त्यसलाई ढोग्दै पूजाको लागि पूजा गर्नेहरू लाइनमा ठेलमठेला गरी बस्ने भए । ठाउँ ठाउँमा बुद्धमूर्तिसहित थरी थरीका मूर्ति बनाउने संस्कार बढ्दै आएको छ । सुधारको नाममा अन्धभक्तिजन्य विकृतिमा जोड दिँदै आएको देखेर यस्तो भद्दापनलाई भिक्षुहरूले मन नपराएको कुरा खुल्लारूपमा यहाँ बताइयो । नेपालको परम्परावादी विश्वास र चाडबाडमा हल्का विधि व्यवहार ल्याउनुपर्ने खालका विषयहरू उल्लेख गरेर भिक्षुहरूद्वारा धेरै पुस्तक पुस्तिका प्रकाशित भएर आएपनि आफूलाई धर्ममा संलग्न भएको भनी संझनेहरूको बानी व्यहोरा कतिपनि नबदलेको कुरा बताइदिनुले लेखकको सुधारको चाहनाको निरन्तरता प्रष्ट देखिन्छ । नेपाली बौद्धहरूको अन्तर्राष्ट्रिय प्रतिष्ठा रहने र विश्वव्यापीरूपमा



Downloaded from http://dhamma.digital

शान्तिनीतिको अवलम्बन गराउन जोड दिने शान्तिनायक शाक्यसिंह बुद्धको प्रचारलाई ठोस रूप दिने धर्मको प्रचार का लागि नेपालमा चौथो विश्व बौद्ध सम्मेलनको व्यवस्था गरिएको थियो । त्यस सम्मेलनमा भएको भिक्षु अमृतानन्दको देनलाई अगाडि सारेर भिक्षुनीतिप्रति विरोध जनाउने व्यक्तिहरूसमक्ष धर्ममा अन्तर्राष्ट्रिय नेतृत्वको लागि थेरवादीको नेतृत्वको अनिवार्यता र विशेषता रहेको कुरा सांकेतिकरूपमा प्रस्तुत गर्नु लेखकको कुशलता देखिन्छ । त्यस्तो आदर्श नेतृत्वको उदाहरण दिएर भिक्षु अश्वघोषले आजको शून्य उपलब्धिको पूजा आजा एवं धार्मिक गतिविधिको अवस्थालाई औंल्याएर भिक्षुजीवन बिताइरहेका आजका थेरवादी गुरूहरूलाई त्यसप्रकारको अदम्य साहस र आफ्नोपनमा दिगो रहनुपर्ने कुराप्रति यस पुस्तकले सचेत गराइएको छ भन्नुमा अत्युक्ति नहोला । थेरवादबाट बेला बेलामा स्मरणीय ऐतिहासिक घटनाहरू भइसक्दा पनि बौद्धजगत्मा अबौद्ध संस्कृति र ब्राह्मणवाद तथा वेदवादको संस्कार हाबी नै भैरहेको र बौद्धसिद्धान्त-अनुसारको अनीश्वर वाद एवं अनात्मवादविरोधी कर्मकाण्डको दलदलमा फँसिनै



Downloaded from http://dhamma.digital

रहेको कुरामा सुधारको लागि के कस्तो क्रियाकलाप अपनाउनुपर्ला भनी चीवरधारीले सोच्नुपर्ने कुरा यहाँ कोट्याइएको छ । आजका थेरवादीभिक्षुहरूको अनुसरण गरी थेरवादविहारहरूमा संलग्न बौद्धहरूपर्यन्त गाथा पढ्दापढ्दै पनि, धर्मदेशना सुन्दासुन्दै पनि कुरामा एउटा, व्यवहारमा एउटा गर्ने भइरहेको कुरा पनि कम उल्लेखनीय कुरा होइन भनी भिक्षु अश्वघोषले गर्जेको कुरा हल्कारूपमा संझन नहुने यस पुस्तकका पाठकहरूलाई लाग्नुपर्ने कुरा ठानिन्छ ।

समारोह वा कार्यक्रह्मरूमा ठूला बडालाई खाता ओढाउने, माला पहिराउने, बायच् भिराउने, धम्मगुरुह्रूको व्यक्ति पूजा गर्ने जस्ता व्यक्तिपरक सम्मान र व्यक्तिपूजा गर्ने व्यवहारदेखि भिक्षुहरू फरक रहने हुन्छन् । भिक्षुहरू चरित्र, आदर्श र निर्वाणधर्ममा जोडदिने हुन्छन् नकि कर्मकाण्डी व्यक्तिपूजामा लाग्ने । उपासक उपासिकाहरू पुरोहितको जजमान (जयमा) सरह पूजासामग्री तयार गरी पूजाथाल सजाउने भएका देखिन्छन् । पूजामा भोकभोकै बस्ने विधि र दक्षिणा प्रमुख व्यवहार रहेको कर्मकाण्डी पूजामा आजकाल



Downloaded from http://dhamma.digital

भिक्षुहरूलाई पनि फँसाउने र भिक्षुहरू पनि बाध्यताको नाममा सीधै फँस्ने व्यवहार बढिरहेको देखिँदा थेरवादको सोचनीय भविष्यप्रति लेखकको दरिलो कलम चलबलाएको यहाँ देखिन्छ । पाठकहरूको लागि पनि सन्तोष लाग्ने गरी एउटा कुरा सुटुक्क बताइएको छ कि ब्राह्मण पुरोहित रहेका धर्मावलम्बीले पर्यन्त आजकाल भिक्षुहरूको चारित्रिक पूजाविधिमा आकर्षित भई सराद्ध आदि कर्मको सट्टासमेत भिक्षुहरूलाई आमन्त्रण गरी भिक्षुहरूद्वारा परित्राण आदि पूजा देशना गराई देवकार्य र पितृकार्य गराउने भएर आएका देखिन्छन् । बौद्धहरूमा विद्यमान बिडम्बनाका कुर ा हेरेर थाकेझैं भएका भिक्षु लेखकको यो आफ्नै कुरा हो ।

यो पुस्तक प्रसंग र अनुभवको सँगालो हो । वास्तिवक बुद्धधर्मको मर्म यसमा दर्शाइएको छ । बुद्ध स्वयंको विचारलाई आश र निराशको द्वन्द्वमा पारेको कुरा जुन यहाँ उल्लेख छ, यसले प्रत्येक ज्ञानीजनलाई सचेत पार्दछ । गृहत्यागी रागविरत तथागत बुद्धसँग दुइजना व्यापारीहरूले बुद्धप्रतिको श्रद्धाले बुद्धको पूजा गरिरहनको लागि चिन्हस्वरूप



Downloaded from http://dhamma.digital

बुद्धको केश (रौ) लिएर त्यसै केशलाई गर्भस्थल गरी बर्मामा ठूलो चैत्य बनाएर राखेको अद्यापि छ । त्यसमा सुनको पाताले सजाएर बहुमूल्य हीरा-मोतीले युक्त गजुर राखी बनाएको त्यस चैत्यलाई उसबेला नै भक्तजनहरूले पूजा गर्ने गरे । त्यस्तो कुनै बस्तुमा भक्तिभावले पूजा गर्ने क्रियालाई देखेर बुद्धले आफैमा भन्नुभयो - 'ज्ञानको खोजी गर्नुसट्टा भक्तिभावमा सन्तुष्ट हुने । ज्ञानको लागि प्रार्थना नगरी पूजाचिन्ह माग्ने । कठिन साधनापछि मात्र प्राप्त गरेको त्यत्रो ज्ञानलाई भक्तिभावमा सीमित राख्ने । हृदय-परिवर्तन गरी पुरानो संस्कार नत्यागेसम्म बोधिज्ञानको अर्थ खुल्नेछैन र दुःखभोगबाट हट्न सक्दैन । यदि कसैलाई जीवनमुक्तिको लागि उतार्न सकिँदैन भने यस्ता कसैलाई किन संझाउने कष्ट गर्ने । एक्लै जंगलमा बसी आफै आनन्दित भएत भैहाल्यो नि !" यस्ता अति संवेदनशील कुरा यस पुस्तकमा पढ्न पाइन्छ । बुद्धले आफूमा आएका मानसिक द्वन्द्वका कुरालाई संयमित भएर गरेको विचार बुद्धको अनुयायी हूं भनी अहंभाव राख्ने सबैको लागि बिझ्ने भएर रहनुपर्ने कुरा हो । उपर्युक्त आफ्नो विचारमा पुनः



Downloaded from http://dhamma.digital

बुद्ध भन्नुहुन्छ - "लोककल्याणको लागि भएभरको कष्ट उठाइसकेपछि त्यसरी पलायन हुनुहुन्न । बहुजनहितको लागि समर्पित हुनैपर्छ ।" यसरी सोचेका कर्मशील बुद्धको त्यो प्रयास दुई शताब्दी पूरै पार भइसकेर आजसम्म सफल हुन नसकी लोकजन झन् झन् भक्तिभावमा बिलाउन खोजेको बिडम्बनापूर्णको धार्मिक व्यवहारलाई यो वृद्धावस्थामा सोचेर भिक्षु अश्वघोषद्वारा लिखित यो पुस्तक साँचै नै सक्कलीरूपले बुद्धानुयायी हुनेको लागी करोड रुपियाभन्दा ठूलो मूल्यको रहन आएको छ अर्थात् अमूल्य रहेको छ । सत्पुरुषको लागि यो पुस्तक हीराझैं हुनेछ भने अन्यजनलाई काँचको टुक्राझैं मात्र हुने हुन्छ ।

बुद्धले लोककल्याणको लागि राजपाट सुखसयल त्यागी वंश परिवर्त गरी सांस्कृतिक क्रान्ति गरेको कुरा प्रत्येक शान्तिकामीको लागि ठूलो शिक्षाको रूपमा रहनुपर्ने विषय हो । तृष्णा नै सबै दुःखको मूल हो । आमा बाबु, दाजु भाइ, इष्ट मित्र, साथी संगी आदि सबै संपर्कमा आउने व्यक्तिहरूसँग द्वेष वैरभाव आदि उब्जेर अशान्त हुनुको कारण नै तृष्णा हो । यस्तो तृष्णालाई छोड्ने उपाय रहेको



Downloaded from http://dhamma.digital

बुद्धद्वारा निर्देशित सम्यक्पनलाई साधारण जनले त ख्याल गरेन गरेन तर मात्र बुद्धको शिक्षालाई अनुसरण गर्ने प्रव्रजित चीवरधारी नै पनि यस्तो कुरातिर लागेका छन् कि छैनन् भन्नेझैं भइरहेको कुरामा ध्यानाकृष्ट भएको कुरा लेखकले संकेत गरेका छन् । यसविषयमा ठूल ठूला बौद्ध नेता ठालूहरूपर्यन्त कुरामा एउटा व्यवहारमा एउटा गरी रहेका देखिँदा पनि यसतर्फ कसैले चिन्ता नगर्नु बुद्धधर्म लहडीहरूको लागि शान्तिको नारा र पदयात्रा गर्ने आधार बनेझैं रहेको कुरा पनि दृष्टान्तको रूपमा पोखिएको हो कि जस्तो पनि भान हुन आउँछ । आज बुद्धको शान्तिनीतिको प्रतिपादनको २५०० वर्ष बित्दा पनि २५०० को एक भाग पनि मानवसमाजमा शान्ति पलाएको अनुभव गर्ने ठाउँ खोज्नुपर्ने बेलाझैं देखिइरहेको छ । बुद्धजन्मभूमिको गौरव मान्ने नेपालको परिप्रेक्षमा अझ अधिकतम भिक्षु र अधिकतम उपासक उपासिका रहेको उपत्यकाबासी नेवारबौद्धसमुदायमा त झन् यस्तो कुरा बुद्धको शान्तिको आव्हानको नै अवमूल्यन हुन गइरहेको छ भन्नुमा के अपठ्यारो पर्ला र भनेझैं च्वास्स च्वास्स लागेको वेदना नै यो पुस्तक होकि भन्नेझैं



Downloaded from http://dhamma.digital

लागेको छ ।

एउटा नेपाली भिक्षुको कलमबाट निस्केका यी कुरा मात्र नेपालीको स्वभाव व्यवहार नभै विश्वमै प्रचलित बुद्धधर्मको समीक्षा र धर्मसम्बन्धमा मानवव्यवहारप्रतिको उल्लेखनीय निडर आवाज घन्केझैं रहेको छ । एउटा चित्रकारले कोर ेको चित्रमा देखिने सूक्ष्म र स्थूल दुबैप्रकारका भाव देखिने भएझैं बौद्धदेश र अन्य देशमा रहेको बौद्धभावनालाई देखिन सकिने भएको छ, अन्तर्दृष्टि र बाह्यदृष्टि दुबैद्वारा यसका पंक्ति पंक्तिमा । "यो धम्मं पस्सति, सो मं पस्सति" । अर्थात् जसले बुद्धद्वारा बताइएको धर्मअनुसार आचरण गर्दछ, त्यसले बुद्धलाई देख्छ । स्पष्टसँग भन्ने हो भने मान, सम्मान, पूजा, भाव जे जति मनमा हुन्छँ ती सबै गरे बराबर हुने हुन्छ । यस्तो बुद्धवचनको कुरालाई थाहापाउँदापाउँदै मूर्तिपूजामै बढी प्राथमिकता दिने गरेको पाइएको छ । श्रीलंका बर्माजस्ता बौद्धदेश कहिएका मुलुकमा अत्यधिक मात्रामा बुद्धमूर्तिहरू रहेको देख्नुहुने र थाइलैण्डले त अरबौ रूपिया बुद्धमूर्ति निर्माणको लागि मात्र खर्च गर्ने गरिएको सुन्नुहुने लेखक एउटा भिक्षु भएर पनि अधिक



Downloaded from http://dhamma.digital

मात्रामा भिक्षुहरू रहेको देशको विकृत विवरण प्रस्तुत गर्नु भनेको कम साहसको कुरा होइन । यहाँ सम्झन सकिन्छ कि बुद्धले पलायनवादलाई संझेर पछि आफै संयमित भएर लोककल्याणको मार्गमा लाग्नुपर्ने आत्मनिर्णय गर्नुभएझैं लेखक भिक्षु अश्वघोषलाई वाक्क भएको समाजमा एकपटक डुबुल्की मारेर रहेझै लिन सकिन्छ । यो कुरा निश्चित हो कि मूर्तिपूजा र भक्तिमार्ग ज्ञानमार्गको बाधक हुने हुन्छ । यसले ईश्वरवादलाई प्रोत्साहित गर्छ । यो पुस्तकले लेखकलाई वास्तविक प्रव्रजित भिक्षु भनी मान्न साक्षीको रूप दिएझैं छ । यसरी आफ्नो पहिचान दिने भिक्षुलाई कमसे कम आफ्नै देशका बुद्धधर्मानुयायीहरूले व्यवहारद्वारा वहाँमा सान्त्वना दिलाउनु बुद्धधर्मलाई नै टेवा दिनु हुनेछ । वहाँको कुरामा सबैका सबै लाग्नुपर्छ भन्ने छैन । कममा पनि वहाँप्रति श्रद्धा राख्ने आफ्नै शिष्यहरू, आफ्नै अनुयायी उपासक उपासिकाहरूले मात्र वहाँको विचारलाई पछ्याइदिन सकेपनि बुद्धधर्मसम्बन्धमा राष्ट्रिय गौरव रहने हुन्छ होला । मात्र संख्याले होइन गुणात्मकताको अभिवृद्धि सदा उपलब्धिमूलक हुने हुन्छ । मात्र संख्यात्मकता रहेको एउटा



Downloaded from http://dhamma.digital

दृष्टान्त प्रस्तुत गर्न सकिन्छ ताकि कुनैपनि ठूलो समूहमा भएको बुद्धपूजा र बौद्धकार्यक्रममा पञ्चशील ग्रहण गरी शपथ लिने गर्छन् तर तत्काल कुनै भोजभतेर वा लोकव्यवहारको काम भएको ठाउँमा गएर हेरेमा उदाहरण प्रष्ट हुन्छ ताकि त्यो पञ्चशील प्रार्थना रहर होकि बाध्यताका वाचन हुन् । बुद्धपूजामा सरिक रहेर भर्खरैमात्र "नत्थि मे शरणं अय्यं, बुद्धो मे शरणं वरं" भनी बाएको मुख नजोर्दिंदै, त्यहाँबाट छुटेर दुई पाइला सर्न नपाउँदै सँगै रहेको गणेश भैरवको मूर्तिलाई ढोग्दै, चामल छर्दै शरणमा जानेको उदाहरणले गुणात्मकताको सही वकालत गरेझैं देखिन्छ । वैरभावले वैरभाव शान्त हुँदैन भनी भाषणमा व्याख्या छाँट्नेले मञ्चबाट ओर्लनासाथ साथीसँग झगडा गरेको देखिनु पनि संख्यात्मकताको अभिवृद्धिमा हाँसो पलाउने कुरा हुन सक्छ ।

स्पष्टवादिता लेखकको गुण हो भने देखेर बुझेर अनुभव गरेर बताउनु स्वस्थसमाज सृजनाको लागि अरू बढी टेवा हुनु हो । यहाँ थेरवाद र महायानको कुरालाई उल्लेख गरेर लेखकद्वारा बुद्धधर्ममा थरी थरी विश्वासले विखण्डन ल्याएको



Downloaded from http://dhamma.digital

कुरा उजागर गरिएको छ । बोधिसत्त्व हुनु र सम्यक्सम्बुद्ध हुनुमा रहेको फरकलाई स्पष्ट्याइएको छ । इच्छामात्र गर्नु र प्राप्तिको लागि क्रियाशील नै रहनु एउटै कुरा होइन । कुनै बस्तुलाई विना गतिलो विचारले प्वाक्क नामकरण गरिदिनु अज्ञानता हुनेछ । विषयवस्तुको नै यथार्थ ज्ञान नराखी शतांश मिलेको भन्दैमा बहुअंशको ख्याल गर्न छोड्नु उचित कुरा हुनेछैन । यस्ता कुरामा लेखक दृढ हुनुहुन्छ । हो, लेखक भिक्षु साहित्यकारको रूपमा हुनुहुन्न होला तर ठोकेर भन्न सकिन्छ वहाँ एक धर्मदेशक हुनुहुन्छ । धर्मदेशक हुनु सजिलो कुरा होइन । कथावाचकलाई धर्मदेशक भनिंदैन न त बुद्धजीवनी बताएर मात्र बुद्धको शरीर र वर्षावास एवं परित्राणपाठ आदिको व्याख्या गर्दैमा धर्मदेशक हुन्छ । कुनै कुराको बयान गर्नु धर्मदेशना होइन अपितु मानिसले मानवसमाजमा रहेर गर्नुपर्ने कर्तव्य र व्यवहार संझाउने अनि धर्म भनी बताइएका कुरालाई आफै उदाहरण बनी व्यवहारमा उतारेर पथप्रदर्शनस्वरूप मानिसको जीवन सुधारको कुरा बताइदिनेलाई धर्मदेशक भनिन्छ । यस अर्थमा धेरैजसो धर्मदेशना भनिएका कुराहरू भाषण, प्रवचन,



Downloaded from http://dhamma.digital

अन्धभक्तिको विवरण र सस्तो लोकप्रियताका विषय बनेका हुन्छन् । यसले मानिसलाई कर्तव्य निभाउनमा हलुका बनाउँछ सिबाय गरिमामय बनाउँदैन । जसले बानी सुधार्ने काम नगरी उपदेशमात्र दिने हुन्छ त्यस्तो कुरालाई कसरी धर्मदेशना गरेको भनी मान्न सकिन्छ । उपदेश दिंदा धर्मग्रहण गराउने क्षमता राख्न सक्दछ भने त्यो वास्तविक धर्मदेशना हुनेछ । त्यसैले बुद्धोपदेश स्वयं धर्म हो र त्यसको व्यावहारिकतालाई बताइदिनु धर्मदेशना हो । यस्तो कुरामा बिचार गर्दा लेखक भिक्षु अश्वघोषलाई सार्थक धर्मदेशक मान्न सकिन्छ जो कसैको करकाप र डर ढाकमा नलागी आफै उदाहरण बन्नुहुन्छ । यो मेरोमात्र कुरा होइन वहाँलाई चिन्ने वहाँसँग संगत भएका सबैको लागि थाहाहुने कुरा हो । हीनयान र महायानको विषयमा सोदाहरण केलाएर बताइदिएको कुरा इतिहास पल्टाएझैं उपलब्धिमूल रहेको छ । आफआफ्नो यानमा ढिपी कसेर बुद्धकै पहिचानमा शंका उत्पन्न गर्ने खालको कुराको समाधानको लागि सायद यो पुस्तक कामयावी हुनेछ ।

संसार नियमको पोको हो । कहीं प्राकृतिक नियम त



Downloaded from http://dhamma.digital

कहीं धार्मिक नियम । कहीं आर्थिक नियम त कहीं खेलको नियम । अझ सामाजिक सास्कृतिक नियम त छँदैछ । मानिसको लागि मानवीय स्वभावको नियमजस्तै बालकको लागि छुट्टै नियमको तर्जुमा पनि भैराखेको हुन्छ । विषयपिच्छे नियम । आखिरमा मान्छेले जस्तो बनायो उस्तै नियम । नियमको यो स्वाभाविक प्रवृत्ति हो । संशोधन भन्नु नियम नै हो, परिवर्धन भन्नु पनि नियम नै हो । नियम पालन गर्नेले जुन नियम पालन गर्‍यो, त्यो त्यसैको लागि नियम हुने हुन्छ । बौद्धको लागि नियम भनेको पनि बुद्धले उपदेश दिएको कुरा हो । यसैले बौद्धको लागि धर्म भनेको बुद्धोपदेश हो । बौद्धहरूले आफ्नोपनको नियम बनाउनु, त्यो अलग्ग कुरा हो । बुद्धको उपदेशसँग मेल खाओस् वा नखाओस् बौद्धले आफूखुसी नियम बनाएर पालन गर्न सक्छ । त्यस्तो बौद्धले बनाएको नियमको धर्म भएको हुनाले त्यस्तोलाई बौद्धधर्म भन्न सकिन्छ । साँचैको बुद्धको उपदेशलाई पालन गरिने धर्म त बुद्धधर्म हुन्छ, बौद्धधर्म होइन । शब्दार्थले जे रहेपनि बुद्धधर्म र बौद्धधर्ममा यसरी भिन्नता देखिने हुन्छ । बुद्धको जीवनकालको वचनलाई



Downloaded from http://dhamma.digital

नै बुद्धधर्म मान्नु वास्तविकता हुनेछ पक्का बौद्धहरूको लागि । बौद्धले बनाएका र पालन गरेका सबै नियमलाई बुद्धधर्म भन्ने हो भने भोलि गएर त्यस्तो बुद्धधर्म अन्य कुनैपनि धर्ममा विलीन हुन जान सक्छ । यसैले थेरवादको जोडदार नियम बुद्धधर्ममा कट्टरपन्थीजस्तो देखिन्छ । कहीं कट्टरपन्थीले मौलिक धर्ममा त्राण दिन्छ भने कहीं उदारपन्थीले धर्ममा सहजता ल्याउने हुन्छ । मूलभूत आधारमा जाने हो भने आफआफ्ने अवस्थानुकूल दुबै पन्थीलाई समर्थन गर्न सकिने हुन्छ । युग बित्यो भन्दैमा वास्तविकता फरक हुँदैन । बुद्धका त्रिकाल सत्यका कुरा छन् जुन हजारौं शताब्दी बितेपनि जस्ताको तस्तै रहन्छ । जस्तो, कुनैपनि युग बितेर सूर्य पश्चिमबाट उदाउँदैन ।

पोशाकले धर्मको फरकपनलाई देखाएको हुन्छ । फरक पोशाक लगाउँदैमा, कुनै यानअन्तर्गत रहेको भन्दैमा त्यसको सिद्धान्त आचरण पालन गरिरखिएको भन्न सकिने कुरा होइन । बुद्धधर्म भनिएतापनि कति महायानीहरू व्यवहारमा थेरवादी छन् त कति थेरवादीहरू व्यवहारमा महायानी छन् । यस्ता कुराहरू धर्मावलम्बीभित्र भइनै रहने कुरा हुन् ।



Downloaded from http://dhamma.digital

धर्मलाई परम्परा र विश्वासले पनि संरक्षण गरिराखेको हुन्छ । यस्ता कुरा विचारको मन्थनस्वरूप भिक्षु अश्वघोषको यो सानो पुस्तकमा अध्ययन गर्न पाइन्छ । सांप्रदायिकताको विरोधमा उठेको बुद्धको धर्ममा सांप्रदायिकताको नै बोलबाला रहन गएको कुरामा भने लेखक वाक्क र दिक्क मान्नुहुन्छ । सांप्रदायिकताको गन्ध नचाहेर वहाँ भन्नुहुन्छ - "बुद्धले त धर्ममात्र भनेका हुन् । बुद्धधर्म भनेर त हामीले भनेका हौं । बुद्धधर्म भनीं नामकरण गर्नु पनि एकाप्रकारको साम्प्रदायिक कुराजस्तै हुन गएको छ ।"

आज आएर धर्मको नाममा प्रचारबाजी, प्रतिस्पर्धा, अष्टलोकधर्ममा लिप्तताजस्ता व्यवहार बुद्धधर्ममा देखापर्दै आएको छ । बुद्धधर्मको देश भनौं वा कुनै धर्मको देश भनौं त्यो धर्मप्रतिको मान्छेको साम्प्रदायिक मोहझैं मात्र देखा-परिरहेको कुरा कटुसत्यको रूपमा चित्रण भएको यस पुस्तकमा पाइन्छ । लेखकको भित्री आशय धर्मको लागि धर्म होइन, धर्मानुकूल मानवीय व्यवहारलाई जनजनमा उतार्न लगाउनु वास्तविक धर्म हो । मान्छेलाई असल मान्छे बनाउनु बुद्धधर्म हो नकि मान्छेलाई तृष्णाको भुलभुलैयामा



Downloaded from http://dhamma.digital

डुलाउनु ।

लेखक बुद्धधर्मसम्बन्धमा यानको अर्थ बताउँदै भिक्षुहरू-पर्यन्त महायानी व्यवहारमा डुब्दै गएको कुरा अप्ठ्यारो मानी वा नमानी स्पष्टसँग बोल्ने लेख्ने भइदिएको देखिन्छ । मूर्तिपूजा, परित्राणपाठ, भक्तिवाद, तन्त्रमन्त्र ऋद्धिवाद, बस्तुवाद, बाध्यताका वशवर्ती, झ्याइँ झ्याइँ र देखावटीपन आदि अन्य धर्मको संस्कारले थिचिएका बौद्ध उपासक उपासिकाहरूसँग भिक्षुहरूको व्यवहार पनि घुल्मिलिँदै गएको कुरामा यस पुस्तकद्वारा लेखकले ध्यानाकर्षण गर्न खोज्नुभएको छ । बुद्धधर्मको प्रामाणिक आधारभूत धर्मग्रन्थ मानिएको त्रिपिटक ग्रन्थमा पनि बीच बीचमा धेरै प्रक्षिप्त कुराहरू थपिँदै आएको कुरा वहाँ संझाउनुहुन्छ । आजका बुद्धधर्मावलम्बीहरू पनि कुनप्रकारका निकाय वा संप्रदायको अनुयायी हुन् भन्ने कुरा पनि आज छुट्याउन गाऱ्हो भएको छ । दामसँग नाम साटेर धर्मात्मा कहलाउने र दानको नाममा पुलपुल्याएर चन्दा हसुर्नेखालका व्यक्ति पनि धार्मिक क्षेत्रमा हुन सक्ने कुराको संकेत यहाँ पाइन्छ ।

धर्ममा वादको व्याख्या गर्दै लेखकले मोक्ष र निर्वाणको



Downloaded from http://dhamma.digital

फरक देखाइदिनुभएको छ । वहाँले लेख्नुभएको छ - "थेरवादअनुसार निर्वाण भनेको अनुभव गर्ने र यही जीवनमा सुखको साक्षात्कार गर्ने ज्ञान हो सिबाय मृत्युपश्चात् अरू कुनै ठाउँमा पुग्ने अदृश्यविषय होइन । एउटा पवित्र, निष्कलङ्क, तृष्णारहित अवस्थालाई निर्वाण भनिन्छ ।"

अन्तमा थेरवादप्रति वहाँ सन्तुष्ट हुनुहुन्छ कि कुनैपनि देशको भिक्षु भएपनि थेरवादीहरूको चीवरमा एकरूपता छ, पालि त्रिपिटकको अनुयायी छ र धर्मव्यवहारमा समानता छ ।

भिक्षु अश्वघोषमा देखिने एउटै स्वभाव मनमा भएको कुरा बोलिहाल्ने, बोलेको कुरा लेखिहाल्ने । यो एकप्रकारको मनसा वाचा कर्मणाको व्यवहार भन्न सकिन्छ । वहाँ बौद्धव्यवहारको लागि पथप्रदर्शक हुनुहुन्छ र आत्मालोचक पनि हुनुहुन्छ । अरूबाट गरेको राम्रो व्यवहार देख्न चाहेअनुसार आफूले पनि गर्न नसकेको कुरा पनि बेलाबखतमा वहाँ स्वयं भन्ने गर्नुहुन्छ । यस्तै कुराहरूको संगालो यो पुस्तक हो । वहाँको आफ्नै कुरा प्रति मेरो आफ्नो कुरा पनि व्यक्त गर्न पाएको मा सन्तोष व्यक्त गर्दै श्रद्धेय भिक्षु



Downloaded from http://dhamma.digital

अश्वघोष महास्थविरको पूर्ण आयु आरोग्यको सश्रद्ध कामना गर्दछु ।

२०६४ आश्विन १५

सुवर्ण शाक्य
ॐबहाल, काठमाडौं ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# मेरो आफ्नो कुरा

"नेपालमा थेरवादको भविष्य !" विषयमा कुराहरू लेखी पुस्तिका तयार पार्न मन गएको धेरै वर्ष भयो । मनले फेरि भन्छ, "नलेख, यो समाजमा जस पाउँदैन, गाली खानुपर्ला ।" अनि कलम चलाउन छाडिदिएँ । मन मानेन, केही वर्षपछि फेरि लेख्न शुरू गरें । फेरि पनि मन भन्छ, "नलेख" । फेरि अर्को मन भन्छ, "यस्तो गहनविषयमा लेख्नुपर्छ, मानिसमा चेतना जगाउनुपर्छ किनभने थेरवाद कसरी जन्म्यो, वर्तमान नेपालमा थेरवाद कुन अवस्थामा छ र यसको भविष्य कस्तो हुनेछ ।" मचाहिं थेरवादी भएपनि त्यसको कट्टरपन्थी भने होइन । बुद्धले त धर्ममात्रको प्रचार गर्नुभएको हो । बुद्धले न महायान, न थेरवाद, न अन्य कुनै वज्रयानको प्रचार गर्नुभएको हो । बुद्ध परम्परावादी हुनुहुन्न, न उहाँ कुनै धर्मप्रति साम्प्रदायिक र पक्षपाती नै हुनुहुन्छ । उनले प्रचार गर्नुभएको धर्ममा जातिभेद, उँच-नीच, र कुनैप्रकार को वर्गभेद छैन ।

उहाँले सर्वप्रथम सारनाथमा प्रवचन गर्नुभएको केवल



Downloaded from http://dhamma.digital

धर्मचक्रप्रवर्तनमात्र हो । त्यसमा कुनैप्रकारको साम्प्रदायिकताको गन्ध थिएन । अभाग्यवश बुद्धको परिनिर्वाणको एक सय वर्षपछि भिक्षुहरूमा संकीर्णता र संकुचितता उत्पन्न भएर धर्मकै विभाजन भएजस्तो हुनगयो ।

अब चर्चा गरूं, बुद्धको दृष्टिकोणमा सही धर्मप्रचार गर्ने तरिकातिर । बुद्धले सर्वप्रथम धर्मचक्रप्रवर्तनपछि धर्मप्रचार को लागि धर्मदूतको रूपमा रहन भिक्षुहरूलाई तीन महिना तालिम दिनुभयो । भिक्षुहरूलाई असल धर्मदूत बनाउनुभयो । त्यसपछि भिक्षुसंघलाई निर्देशन दिनुभयो । "भिक्षुहरू ! हामीहरू सांसारिक बन्धनबाट मुक्त भयौं । धैरैजसो मानिसहरूको स्वभाव स्वच्छ र शुद्ध छैन । उनीहरू पारिवारिक चिन्तनमा अलमलिरहेका छन् । उनीहरूमा सही धर्मको ज्ञान छैन । परोपकारी भावनाको अभाव छ । "म" र "मेरो", "तँ" र "तेरो" भन्ने भावनाले ग्रसित छ । त्यागभावनाको अभाव छ । उनीहरूलाई सर्वप्रथम "धर्म" के हो र किन "धर्म" चाहिएको भन्ने कुरा बुझाउनुपर्छ । पारिवारिक जीवनमा परस्परमा कर्तव्य पालन गर्नुपर्ने, सेवाभावले काम गर्न सके स्नेह र ममता बढ्ने कुरा



Downloaded from http://dhamma.digital

सिकाउनुपर्छ अनिमात्र सुखपूर्वक जीवन निर्वाह गर्न सकिन्छ ।" बुद्धले फेरि भन्नुभयो - "सर्वप्रथम आफूलाई उचित मार्गमा लगाउनू, अनि पछि मात्र अरूलाई उपदेश गर्नू, यसो गर्नाले विद्वज्जनमा क्लेश रहनेछैन ।"

बुद्धको यस वचनले के बुझिन्छ भने धर्मप्रचारकहरूमा स्वार्थभावना आउन सक्छ, सहनलशीता घट्न सक्छ भन्ने कुरामा सचेत गराउनुभएको हो । भिक्षुहरू ! जन्मेपछि सबैले बूढो हुनुपर्छ, बिरामी हुनुपर्छ, एक दिन मर्नुपर्छ । मरेपछि लिएर जाने केही छैन । आफूले गरेको असल र खराब कामको फलमात्र लिएर जाने हुन्छ । मृत्युपछि रूप जीर्ण भएर जान्छ । नाम, काम गोत्रमात्र रहिरहन्छ । हो, बाँचुञ्जेल जीवनमा आधारभूत आवश्यकताको पूर्ति हुनुपर्छ । त्यसको लागि इमान्दारीपूर्वक कमाउनुपर्छ । खानलाई मात्र पुग्ने गरी कमाएर पुग्दैन । धर्मकार्यमा दान दिन, परिवारलाई व्यवस्थित राख्न र नाताकुटुम्ब, भाइबन्धुलाई खुवाउन पनि आम्दानी भएको हुनुपर्छ । आफूले दिनसके साथी भाइ हुन्छ, दिन नसके एक्लै असहाय बनी बस्नुपर्ने हुन्छ । यो कुरा धेरैजसो साधारण मानिसहरूलाई थाहा



Downloaded from http://dhamma.digital

हुँदैन । सदाचार सम्पन्न हुनसके जीवन सुखमय हुन सक्छ अन्यथा दुःखी भएर बस्नुपर्नेछ । यस्तो कुरा राम्रोसँग सम्झाउनुपर्छ, यो बुद्धको कथन हो ।

तसर्थ दुःखबाट मुक्त हुने आशाले धर्म-कर्म गर्नु राम्रो हुन्छ मतलब सांसारिक सुखको कामना गरी धर्मकर्म गर्नु उचित छैन । बारम्बार जन्मलिनु दुःख हो । वर्तमान जीवन चिन्तारहित रहे जीवन सुखमय हुन्छ । दुःखबाट मुक्त हुनु नै कुनैप्रकारको वरदान र आशीर्वाद हो । यी कुराहरू माथि उल्लेख गरिएको किनभने थेरवादी भिक्षुहरूले सहीरूपमा प्रचार गर्नुपर्ने र बुद्धको परिचय दिनलाई हो । थेरवादसमर्थकहरूले माथि उल्लेख गरिएको धर्म र शिक्षालाई बिर्सेर धर्मकार्य भनी कर्मकाण्डलाई अपनाएर भिक्षुहरूलाई पुरोहितको ठाउँमा राखिदिएको छ । धेरैजसो श्रद्धावान्हरू आफ्ना जन्मदिनको उपलक्ष्यमा आशीर्वादको लागि परित्राणपाठ गराउन भिक्षुहरूकहाँ आउँछन्, कोही आफ्ना दिवंगत आफन्तहरूको पुण्यस्मृतिमा परित्राणपाठ गराउन आउँछन् । कोही मुद्दा परिरहेको छ, मुद्दा जित्नपऱ्यो भनी परित्राणपाठ गराउँछन् । कोही महिलाहरू कति तोलाको



Downloaded from http://dhamma.digital

सुनको हार हरायो भनी त्यसको प्राप्तिको कामना गरी परित्राणपाठ गराउन आउँछन् । यस्ता कुरामा बुद्धपूजाको लागि पनि भिक्षुहरूलाई निमन्त्रणा गरेर लगिन्छ । अहिलेको यस्तो वातावरण हुँदा थेरवादको भविष्य यति नै होला कि ? मनमा कुरा खेल्छ ।

थेरवादअनुसार भिक्षुहरू कुनै श्रद्धाञ्जलीसभामा जाँदाखेरि दिवंगत व्यक्तिप्रति हामीले पुष्पमाला लगाइदिनुहुँदैन । स्वागतसमारोहमा हामीलाई खाता लगाउन आउँदा मालाजस्तै लगाउन मिल्दैन । हातमा मात्र लिने गर्छौं । कसैले त भिक्षु भएर पनि जिउभरी खाताको माला लगाएर फोटो खिँचाएको देख्न पाउँछौं ।

कुनै सम्मेलनमा जाँदा सभा नटुंगिंदै थेरवादी भिक्षुहरूले बाऱ्ह बजेपछि खान नहुने भनेर भोजनको लागि बीचैमा बोलाउने गर्दा सबै त्यहाँ रहेका भिक्षुहरूकै साथ उठेर जान्छन् । त्यसबेला सम्मेलन नै खलबलिएर अशोभनीय बन्न पुग्छ । आफ्नो कोठामा बसी राती चुपचाप एक्लै रही खानेहरू हुन्छन् भने सभा सम्मेलनस्थलमा नै बसेर खाने गर्नुहुँदैन त ! भनेझैं लाग्छ । यस्तो थेरवादीहरूको



Downloaded from http://dhamma.digital

व्यवहार देख्दा आफूलाई कसो कसो लाग्छ ।

जेभएपनि नेपालमा थेरवादबुद्धधर्मको प्रवेशपछि एउटा प्रत्यक्ष उपलब्धि के रह्यो भने जातिभेद हटाउनमा यसबाट ठूलो सहयोग मिलेको छ । शुरू शुरूमा काठमाण्डूमा भिक्षुहरूलाई भोजनको निमन्त्रणा दिंदा भोजनपछि भिक्षुहरूको जूठो थाली उठाउँदैनथ्यो । भिक्षुहरूलाई वन्दना पनि गर्छन्, दक्षिणा दान पनि दिन्छन् तर तिनीहरूको जूठो थाली उठाउँदैनन् । दुइजना उपासिकाको व्यवस्था गरी भोजनको निमन्त्रणा बोलाएको घरमा भिक्षुको जूठो थाली उठाउने गरिन्छ किनकि भिक्षुहरूलाई जातपात नमान्ने, जसको हातबाट पनि खाना लिएर खाने, जातै नभएका भनी ठान्थे । अहिले त्यस्तो भावना हटेर गएको छ ।

वर्तमान भिक्षुसंघमा ब्राह्मण, क्षत्री, ज्यापू, मानन्धर, नकर्मी, श्रेष्ठ, खड्गी, सार्की, थारू, शेर्पा, तामाङ, गुरूङ, ताम्राकार, स्थापित, मगर आदि सबै जाति समावेश भएका छन् । यो भने ठूलो उपलब्धि हो ।



Downloaded from http://dhamma.digital

# कृतज्ञताज्ञापन

प्रा. सुवर्ण शाक्यले आफ्नो काममा व्यस्त भएपनि मेरो हस्तलिखित गुरूकापीलाई, अशुद्ध नेपालीभाषालाई शुद्ध गरी टाइप गरेर प्रुफसमेत हेर्नुभई सहयोग गर्नु भएको मा उहाँप्रति धेरै आभार प्रकट गर्दछु साथै सारगर्भित विवेचना लेखिदिनुभएको मा विशेष धन्यवाद दिन्छु ।

२०६४ आश्विन १५
श्रीघःविहार, नःघल, काठमाडौं ।

भिक्षु अश्वघोष

❑



Downloaded from http://dhamma.digital

# नेपालमा थेरवादबुद्धधर्मको भविष्य !

गौतम बुद्धले कुनैपनि साम्प्रदायिक धर्म प्रचार गर्नुभएको छैन । तैपनि बुद्धमार्गीहरूको मनमा पुरानो संस्कार बाकी रहेको ले र दृष्टि बांगो भएको ले गर्दा थेरवाद (हीनयान) महायान र वज्रयान आदि थरी-थरीको बुद्धधर्म भनी साम्प्रदायिकरूपमा देखिन थाल्यो । महायानीहरूले थेरवादलाई हीनयान भन्छन् । थेरवाद भनेको गौतम बुद्धको महापरिनिर्वाण (मृत्यु) पछि भिक्षुहरूको नेतृत्वमा चलिआइ-रहेको धर्मलाई भनिन्छ । "थेर" को अर्थ पूज्य जेठो भिक्षु हो । थेरवादअनुसार धर्मप्रचार भइरहेको मूल कुरा दुःखबाट मुक्त हुने अर्थात् निर्वाण प्राप्त गर्नु हो । निर्वाण प्राप्त भइसकेपछि तृष्णाक्षय हुन्छ अनि फेरि जन्म लिँदैन । महायानअनुसार यी (स्थविर) थेर भन्नेहरू एक्लै निर्वाणतिर जानेवाला हुन् । त्यसैले थेरवादी हीन हुन् । उनीहरूको बाटो हीनयान हो अर्थात् साँगुरो मार्ग भएको ले हीनयान भनेको हो । यस्तो महायानीहरूको भनाइअनुसार जोकोही पनि जगत्भरका मानिसहरूलाई संसाररूपी दुःखसागर-



Downloaded from http://dhamma.digital

बाट पार तारिदिने लक्ष्य भएको ले फराकिलो बाटो अर्थात् ठूलो मार्गमा जानेहरू भएको ले त्यसलाई महायानी भन्ने गरेका हुन् भनिन्छ ।

जयस्थिति मल्लकालभन्दा पहिले नेपालमा थेरवादधर्म नै थियो । यो कुरा बौद्धको चाबहिलमा भएको शिलालिपिले बताउँछ । यससम्बन्धमा अर्को कुरा पुरातत्त्वविभागको पुस्तकालयमा रहेको पालिविनयपिटकले पनि स्पष्ट पारेको छ ।

कालान्तरपछि नेपालमा पुनः थेरवादी भिक्षुहरूको आगमन भएको ६५-७० वर्षजति भयो । पहिलोपल्ट भिक्षु भिक्षाटन गएको बेला धेरैजनालाई भिक्षु भनी थाहा थिएन रे । भिक्षा दिनेहरू पनि त्यति थिएनन् रे । १ घण्टा, २ घण्टा घुमेर भिक्षाटन जाँदा पनि १ माना चामल र ८ पैसाजति मात्र प्राप्त हुन्थ्यो रे ।

काठमाडौं उपत्यकामा प्रवेश गर्ने प्रज्ञानन्द महास्थविर पहिलो भिक्षु भनिएतापनि नेपालमा पहिले प्रवेश गर्ने भिक्षु महाप्रज्ञा हुनुहुन्छ । उहाँ काठमाडौंउपत्यकामा भेष बदलेर स्वयम्भूवरिपरि ज्यापूहरूको झोपडीमा बस्नुभएको मलाई



Downloaded from http://dhamma.digital

थाहा छ । म स्वयं गएर वहाँसँग भेट्न गएको थिएं । त्यसबेला म बालक थिएं र मेरी आमासँग गएको थिएं । उहाँ महाप्रज्ञा भेष बदलेर आउनुभएको थियो । उहाँ भेष बदलेर आउनुपरेको कारण उहाँलाई चन्द्रशम्सेरको पालामा देशनिकाला गरिएको थियो । महाप्रज्ञा पहिले श्रेष्ठ थरको हुनुहुन्छ । धर्म परिवर्तन गरेर बौद्धभिक्षु बन्यो भनेर देशबाट निकालिदिएको थियो । राणाहरूलाई के थाहा नेपालका धेरै श्रेष्ठहरू पनि बौद्ध नै हुन् । त्यसताका जागिर खान श्रेष्ठ थर भनी लेखेको खण्डमा जागिर पाउन सजिलो हुन्थ्यो रे भन्ने कुरा सुनेको छु । ज्यापूहरूले पनि जागिर खानको लागि आफ्नो थर श्रेष्ठ भनी लेख्थे रे ।

यहाँ शुरू शुरूमा थेरवादी भिक्षुहरूको धर्मप्रचारकेन्द्र स्वयम्भूको दक्षिणतिर स्थित किण्डोल विहार (किन्हुबहाः) हो । त्यसताका लक्ष्मिनानी तुलाधर नाउँकी महिलाले आफ्नै ढंगबाट बुद्धधर्म प्रचार गरिरहेकी थिइन् । उनीपछि धर्मचारीको नाउँमा अनगारिका (भिक्षुणी) बनिन् । उनीले भिक्षुहरूलाई धेरै सहयोग पुऱ्याएकी थिइन् ।

पूज्य भिक्षु धर्मालोकपछि पूज्य भिक्षु अमृतानन्द काठमाडौं



Downloaded from http://dhamma.digital

आउनुभई नेवारभाषामा धर्मकथा भन्नुभयो । उहाँ अति नै रोचक ढंगमा कथा भन्न सिपालु हुनुहुँदोरहेछ । त्यसबेला श्रोताहरू निक्कै प्रभावित भएका थिए । उहाँले कार्तिक महिनाभर स्वयम्भूपछाडि मञ्जुश्री मन्दिरस्थानमा बिहान बिहान बुद्धधर्मसम्बन्धी कथा भन्नुभयो । पाटन र अरू अरू ठाउँबाट पनि हजारौं व्यक्ति कथा सुन्न आए । राणाकालमा केही धर्मकथा सुन्न नपाएका बेला बुद्धधर्मसम्बन्धी आफ्नै मातृभाषामा कथा सुन्न पाएको र त्यो पनि चिटिक्क र हिसि पर्ने गरी कथा भनेको ले सबैमा कथा सुन्ने उत्साह र उमंग बढ्ने त स्वाभाविक नै थियो । त्यसताका भिक्षुहरूलाई घरघरमा भोजनको लागि बोलाउँदा भोजनपछि जूठो थाल लिने र पखाल्ने कोही थिएन किनकि भिक्षुहरू जातपात नमान्नेहरू, जसले पकाएर दिएपनि भात खानेहरू भनेर जूठो छोईंदैनथ्यो । भिक्षुहरूसमक्ष आफ्नो ठाउँको भुईंमा ढोगी वन्दना नमस्कार भने गर्ने गर्छन् । त्यसबेला मलाई थाहाभएअनुसार दुइजना शाक्यजाति उपासिकाहरू (बुद्धरत्न शाक्य हाल म स्वयं भिक्षु अश्वघोषकी आमा र गणेशकुमारी शाक्य हाल धम्मवती गुरुमांकी आमा) भिक्षुहरू



Downloaded from http://dhamma.digital

निमन्त्रणमा जाने घर घरमा गई जूठो थाल पखाल्दै गर्थे ।

भिक्षुहरूले कथा भन्ने क्रममा शील (सदाचार), समाधि (राम्रो काममा चित्त एकाग्रता) र प्रज्ञा (विवेक बुद्धि) अनि दान (त्यागचेतना) को बारेमा चर्चा गर्नुहुन्थ्यो । यस्तै बुद्धमार्गीहरूले जातपात मान्दैनन् । भगवान् बुद्ध देवता (ईश्वर) होइनन् । भगवान् भनेको अर्थ राग, द्वेष, मोह नभएको अर्थात् राग द्वेष नाश गर्नुभएका भाग्यशाली हुन् । उहाँ राम्रो बाटो देखाउने गुरु हुनुहुन्छ । हामीले उहाँको गुण स्मरण गरी पूजा गर्छौं । पारिवारिक शान्तिको लागि हृदय संकीर्ण र सांगुरो पार्न हुँदैन मतलब राम्रो र चोखो हुनुपर्छ । परस्परमा कर्तव्य पालन गर्नुपर्छ । यसरी साधारण गृहस्थहरूलाई पञ्चशीलको शिक्षा दिइन्छ । जस्तै, प्राणीहिंसा गर्नुहुँदैन, चोरी गर्नुहुँदैन, व्यभिचार (बलात्कार) गर्नुहुँदैन, झूठो कुरा गर्नुहुँदैन र रक्सी आदि मादकपदार्थ सेवन गर्नहुँदैन । त्यसबेला पालन गर्न असजिलो भएपनि यी शीलको कुरा मानिसहरूलाई मनपर्थ्यो र राम्रो लाग्थ्यो । उनीहरू शीलप्रार्थना गरी घर फर्कन्छन् । अहिलेसम्म बौद्ध



Downloaded from http://dhamma.digital

धार्मिक कार्यक्रम हुँदाखेरि भिक्षुहरूसमक्ष पञ्चशीलप्रार्थना गर्ने चलन छ । यो चलन थेरवादीपरम्परा हो ।

भिक्षुहरू किण्डोल विहारबाट आनन्दकुटी स्वयम्भूजंगलमा सरे । त्यसपछि भिक्षुहरू अलग अलग ठाउँमा विहारहरूमा सर्दै गए । फलस्वरूप थेरवादीमा बिस्तारै नियम खुकुलो हुँदै गयो र अनुशासन पनि शिथिल हुँदै गयो । नयाँ नयाँ बुद्धविहार र बुद्धपूजा आदि भक्तिमार्गको प्रचार हुँदै आयो । यहाँका साधारण उपासक उपासिकाहरूलाई चाहिएको पनि भक्तिमार्ग हो, ज्ञानमार्ग होइन भन्नुपर्दा अत्युक्ति हुँदैन होला ।

आनन्दकुटीमा श्रीलंकाचैत्य स्थापना भयो । त्यो थेर-वादशैलीको चैत्य भयो । त्यसमा नेपाली चैत्यमा झैं एउटा पनि बुद्धमूर्ति राखिएको छैन र नेपालीचैत्यमा जस्तो बुत्ता र कलाकृति पनि केही छैन । त्यसको भित्र गर्भमा गौतम बुद्धको अस्थिधातु (हाड) स्थापना गरिएको छ । अहिले अस्थिको चोरी पनि भैसक्यो । पछि फेरि श्रीलंकाबाट बुद्धको अरू अस्थिधातु ल्याएर पुनः स्थापना भैसकेको छ ।



Downloaded from http://dhamma.digital

श्रीलंकाचैत्य र अस्थिधातुसहित निर्माण भएको श्रीलंकाका पूज्य नारद महास्थविरको सौजन्यबाट हो । भिक्षु नारदलाई नेपाल भित्र्याउने भिक्षु अमृतानन्द हुनुहुन्छ ।

श्रीलंकाचैत्य उद्‌घाटनको अवसरमा कवि चित्तधर "हृदय" ले बोल्दै भन्नुभयो - "नेपालमा चैत्य र विहार तथा पूजा विधि धार्मिक साधनाहरू तथा गतिविधि थुप्रै छन् । वज्राचार्य गुर्जुहरू र लामागुरूहरू पनि छन् । उनीहरूको तर्फबाट सही बुद्धधर्मको व्याख्या सुन्न पाइँदैन । थेरवादी भिक्षुहरूको तर्फबाट बुद्धधर्मसम्बन्धी कथा सुन्न पायौं । हामी खुसी छौं तर पछि आएर बुद्धमूर्ति स्थापना गरी बुद्धविहार, निर्माण र अस्थिधातुजात्रा आदि भक्तिमार्ग शुरू हुन थालियो । नेपालमा पर्याप्त मात्रामा बुट्टा भएका चैत्यहरू र विहारहरू छन् । हामीले आशा गरेको सही र शुद्ध बुद्धको उपदेश तथा बुद्धशासन हो मतलब चरित्र सुधारको नयाँ बाटो र प्रचार हो । हामी वज्राचार्य गुर्जु र लामा गुरूहरूको चर्याविधिदेखि वाक्क र दिक्क भएको बेला थेरवादी भिक्षुहरूको आगमन भयो तर आशा गरेको विपरीत (पूजाविधि) पूजासामान भएको थाली किस्तीलाई उपासक उपासिकाहरू लाइनमा



Downloaded from http://dhamma.digital

बसी पूजा चलाउने, मूर्तिअगाडि राखी पूजा गर्ने र मूर्ति स्थापनाको काम बढी देखिन थाल्यो । चरित्रसुधारतिर ध्यान त्यति गएन" । उहाँको विचार त्यसबेलाका भिक्षुहरूलाई मन परेन । त्यसताका चित्त नबुझ्नेहरूमा यस पंक्तिका लेखक पनि एक हो । भिक्षुहरूले गाली गर्न शुरू गरे अनि चित्तधर थेरवादबाट टाढिन गए । चित्तधरले सचेत हुनलाई केही सुझाव दिनुभएको हो, मन परेन भने भैगो भन्नुभयो । हुनत त्यसबखत बोल्नुभएको भाषा कडा थियो र स्थान र समयानकूल भएन जस्तो लाग्यो । श्रीलंकाचैत्यलाई खालि ईंटाको ढेर ढुंगुरमात्र भनेर अनादर शब्द प्रयोगरी बोल्नुभयो । उहाँ संस्कृति र कलाको कट्टरप्रेमी हुनु हुँदोरहेछ ।

कवि चित्तधर "हृदय" ले आनन्दकुटीमा बोल्नुभएको कुरा लेखको रूपमा छापिएको पुस्तक फेलापरेको छ । यो पुस्तक पढेर हेर्दाखेरि अहिले आफूलाई राम्रो लाग्यो । सम्यक्‌दृष्टि अर्थात् ठीक समझदारी भन्ने कुरा एकैचोटि हुँदोरहेनछ ।

भिक्षुहरूको तर्फबाट नेपालभाषामा बुद्धधर्मसम्बन्धी पुस्तकहरू धमाधम छाप्ने काम भइरह्यो । जातपातको



Downloaded from http://dhamma.digital

भेदभाव पनि कम हुँदै आयो । भिक्षुहरू बस्ने विहारहरूमा खड्गी र पोडेहरू पनि प्रवेश गर्न शुरू भयो । शुरूमा शाक्यजातका उपासक उपासिकाहरूलाई यस्तो कुरा असजिलो महसुस हुन थाल्यो । भिक्षु र अनगरिकाहरूलाई खड्गीहरूको घरघरमा निमन्त्रणा गरी भोजन गराउने चलन पनि शुरू हुन थाल्यो । वर्तमान भिक्षुसंघमा ब्राह्मण, क्षत्री, वज्राचार्य, शाक्य, श्रेष्ठ, मानन्धर, खड्गी, ज्यापू, नकर्मी, शेर्पा, मगर, थारू, तामाङ, गुरुङ, चौधरी, सार्की जातिका व्यक्तिहरू समावेश भएको छ । एकजना कोइराला जातिका बाहुन युवक भिक्षु बनेको थियो । हाल गृहस्थ भयो तर उनी अहिले पनि पक्का थेरवादी नै रहेका छन् ।

जातिभेद कहाँबाट आयो भन्ने र रूढीवादी थितिरीति चाडपर्वले समाज सुधारको लागि बाधा भइरहेको बारे थेरवादी भिक्षुहरूद्वारा थुप्रै पुस्तकहरू प्रकाशित भइरहेका छन् । भिक्षु अमृतानन्दतर्फबाट ६ दर्जनभन्दा बढी पुस्तक छापिइसकियो । भिक्षु सुदर्शनमार्फत् र यस पंक्तिका लेखकका पुस्तकहरू ८ दर्जनभन्दा बढी प्रकाशित भैसकेको छ । नेपाली र नेपालभाषा दुबैमा छापिएका छन् । भिक्षु,



Downloaded from http://dhamma.digital

भिक्षुणीहरूको तर्फबाट पनि जातककथा आदि छापिएका छन् । थेरवादको सबैभन्दा ठूलो दीघनिकाय, मज्झिमनिकाय र संयुत्तनिकायको पालि अनुवाद मिलिन्दप्रश्न पाटनका डुण्डबहदुर वज्राचार्यले आफैले अनुवाद गरी आफैले प्रकाशित गरेको छ । त्यस्तै ठूला ठूला बर्मी (म्यानमार) भाषामा अनूदित पुस्तकहरू भिक्षु ज्ञानपूर्णिकबाट दर्जनौं छापिसकेको छ । यससंबन्धमा महाप्रज्ञा र प्रज्ञानन्द महास्थविरहरूको नाउँ बिर्सनुहुँदैन । साथै धर्मरत्न शाक्यले र भिक्षु बोधिसेनले पनि खुद्दक निकायअन्तर्गतका केही पुस्तकहरूको अनुवाद छापिसकेका छन् ।

चतुर्थ विश्व बौद्ध सम्मेलन २०13 सालमा नेपालमा सम्पन्न भएको थेरवादको ठूलो ऐतिहासिक घटना हो, हुनत त्यो सम्मेलन धर्मोदय सभाको आयोजनामा भएको हो तापनि यसको श्रेय भिक्षु अमृतानन्दलाई जान्छ किनकि उहाँको नेतृत्वमा र सबैको सहयोगमा सम्पन्न भएको थियो । उक्त विश्व बौद्ध सम्मेलनले गर्दा नेपाल एउटा सार्वभौमिकता सम्पन्न स्वतन्त्र राष्ट्र हो र बुद्धजन्मभूमि पनि हो भन्ने तथ्य कुरा अन्तर्राष्ट्रियजगत्मा प्रख्यात भयो । त्योभन्दा पहिले



Downloaded from http://dhamma.digital

नेपाल भारतको एक प्रान्त भनी सम्झिएको थियो । उक्त विश्व बौद्ध सम्मेलनले अन्तर्राष्ट्रिय सांस्कृतिक सम्बन्ध पनि स्थापना भयो ।

यसप्रकार धेरै स्मरणीय ऐतिहासिक घटनाहरू थेरवादबाट भइसकेको भएतापनि नेपालमा यसको भविष्य कल्पना गर्दाखेरि प्रश्नचिन्ह खडा हुने सम्भव देखिँदैछ किनभने बौद्धजगत्मा पर्यन्त ब्राह्मणवाद र वैदिक संस्कार तथा अबौद्ध संस्कृतिको जग बलियो भएको छ । महापण्डित राहुल सांकृत्यायनले भन्नुभएको छ, "ब्राह्मणवाद बलियो भएको ठाउँमा बुद्धधर्म टिक्न गाऱ्हो छ ।" तसर्थ यहाँ बुद्धधर्म (थेरवाद) टिक्न सजिलो छैन कारण थेरवाद बुद्धधर्म सिद्धान्ततः अनीश्वर वादी, अनात्मवादी र कर्मकाण्डविरोधी हो । धर्मको सिद्धान्त यसरी भएतापनि व्यवहार ईश्वरवादी र आत्मवादीजस्तै देखिन्छ ।

सिद्धान्ततः थेरवाद (बुद्धधर्म) बुद्धमूर्तिविरोधी भन्ने तर बुद्धमार्गी शतप्रतिशत मूर्तिपूजक र भक्तिमार्गी देखिन्छ । बुद्धको शिक्षा ज्ञानमार्गी हो । थेरवादीहरूले बुद्धपूजा गरिरहेको बुद्धलाई ईश्वर मानेर होइन, मार्गप्रदर्शक गुरुको



Downloaded from http://dhamma.digital

रूपमा मात्र मान्ने गरेको हो । धेरैजसो बुद्धमार्गीहरू बुद्धलाई देउता सम्झी पूजा गरिरहेका देखिन्छन् । थेरवादमा मूर्तिपूजा प्रारम्भ भएको महायानीसित प्रतिस्पर्धाको कारणले होकि ! यहाँ नेपालको मात्र चर्चा गर्दैछु । थेरवाद बौद्धदेश श्रीलंका, म्यानमार, थाइल्याण्ड देशमा हामीकहाँ भन्दा धार्मिकविधि फरक देखिन्छ ।

महायानी देश चीन, जापान, मंगोलिया, कोरिया र भियतनाम आदि ठाउँमा बुद्धलाई देउता सम्झी पूजा गर्दछन् । तिब्बती बौद्धहरूले अवतार मान्दोरहेछ । थेरवादीहरूले अवतारवाद मान्दैनन् । त्यसैले नेपाल (हिन्दू) राज्य भएकोले नेपाल सरकारलाई महायान बुद्धधर्म ठीक लाग्छ । लामाहरूले राजा र मन्त्रीहरूलाई खाता चढाउँदै सम्मान गर्दछन् । थेरवादी भिक्षुहरूले त्यस्तो कर्म गर्दैनन् । माला लगाउँदैनन् । थेरवादी भिक्षुहरूलाई श्रद्धाञ्जली समारोहमा सहभागी हुँदा र अभिनन्दन समारोहमा सहभागी हुँदा विपरीत क्रिया-कलापदेखि अप्ठ्यारो महसूस हुन्छ । आजभोलि जोकोहीले खातालाई मालाजस्तै लगाउन थालियो । त्यसैले नेपालमा थेरवादबुद्धधर्मको भविष्यमाथि प्रश्नचिन्ह खडा हुन्छ ।



Downloaded from http://dhamma.digital

नेपाली बौद्धहरूमा अबौद्ध (हिन्दू) संस्कारको रंग गहिरोसँग लागेको हुनाले भिक्षुहरूलाई कर्मकाण्डको जालोमा फँसाइदियो । भिक्षुहरूले पुरोहित काम गर्न शुरू गरेको हुँदा वज्राचार्य गरूजुहरूलाई हानि भइरहेछ भन्ने गुनासो सुनिन्छ । पुरोहित काम नगरे थेरवादी भिक्षुहरू टिक्न पनि गाऱ्हो होलाजस्तो भयो । कर्मकाण्डले सानो संकुचित र संकीर्ण तथा झंझटपूर्ण भैरहेको छ । पूजालाई यो चाहिन्छ, त्यो चाहिन्छ, अनि कर्मकाण्ड नसिध्याएसम्म भोकै बस्नुपर्छ, दक्षिणा यति चाहिन्छ भनी जजमानसँग भनाभन हुनेसम्म भई झंझट पूर्ण भइरहेछ ।

भिक्षुहरूको तर्फबाट कर्मकाण्ड गराउँदाखेरि बुद्ध, धर्म र संघको गुणस्मरण गरी बुद्धवचन पालिपरित्राणपाठ गरिन्छन्, सामाजिक सुधार र चित्त शुद्ध हुनुपर्ने कुराको कथा भनिन्छ । परित्राणपाठमात्र गरे आधा घण्टामा सकिन्छ । कथा भन्नु र भोजन गराउनु छ भने अलि बढी समय लाग्छ । भोकै बस्नुपर्छ भन्ने कुनै नियम छैन । उल्टै पूजा पाठभन्दा पहिले नै जलपानको कार्यक्रम हुने गर्छ । यति नै दक्षिणा चाहिन्छ र यो सामान चाहिन्छ, त्यो सामान चाहिन्छ



Downloaded from http://dhamma.digital

भनेर भिक्षुहरूबाट भनिँदैन । अज्ञानी लोभी एक दुइजनाले कतै भनिन्छ भने मलाई थाहाछैन ।

ब्राह्मण पुरोहित मान्नेहरूले पनि भिक्षुहरूलाई निमन्त्रणा गरी परित्राणपाठ र भोजन गराउन शुरू गरे । उनीहरू भन्छन् हामी बाहुन बाजेहरूबाट श्राद्ध गर्नेहरू अहिले श्राद्ध नगर्ने भयौं । कर्मकाण्ड धेरै झन्झट छ । यो चाहिन्छ, त्यो चाहिन्छ, खाट, डसना दान चाहिन्छ, पूजामा भोकै बस्नुपर्छ । भिक्षुविधिले हलुका भयो । परित्राणपाठ सुन्दाखेरि मनै आनन्द हुन्छ । आज थेरवादीहरूबाट यसरी चल्न लागेको विधि पनि कर्मकाण्डको विकल्पमात्र भयो । श्राद्धको सट्टामा भनी अरू झझट गर्नु सही धर्मप्रचार गर्नु होइन । अतः थेरवादको भविष्य उज्ज्वल छैन भन्नुपर्दा अत्युक्ति हुँदैन । यस्तो भन्नुपर्दा समाजमा क्षमा चाहनुपर्नेझैं हुन्छ ।

❑



Downloaded from http://dhamma.digital

# वैदिक धर्मबाट प्रभावित सांस्कृतिक परम्परा बुद्धधर्ममा बाधा

गौतम बुद्धले दिनुभएको शिक्षा बुद्धशासन (बुद्धधर्म) हो । बुद्ध कपिलवस्तुका राजा शुद्धोदनको सुपुत्र हुनुहुन्थ्यो । बुद्धत्व प्राप्त गर्नुभन्दा पहिले वहाँको नाउँ सिद्धार्थ गौतम हो । पूर्ण यौवनावस्थामा नै वहाँ दरबारी ऐश आराम र भोगविलासबाट विरक्तिनुभयो । त्यसपछि क्रमशः दरबारबाट टाढिंदै लोकजनका बीच रहनुभयो । जनताको मालिक भएर हैकम चलाउनुको सट्टा उनीहरूको दुःख सुखमा सरिक भई मानवीय सेवागर्ने इच्छा वहाँमा जागृत भयो । वहाँ बहुजनको हित र सुख हुने उपाय पत्तालगाउनेतर्फ झुक्नुभयो । सिद्धार्थ छँदा स्त्रीसुखसित पनि परिचित हुनुभयो र एकपुत्रको पिता पनि बन्नुभयो । बहुजनहितको निम्ति, बहुजन सुखको निम्ति वहाँले २९ वर्षको उमेरमै दरबारी वैभवलाई तिलाञ्जली दिएर लोकजनको आश्रयमा जीवन बिताउनुभयो । यसरी त्यागी जीवन बिताएर वहाँले लोकजनको विश्वास प्राप्त गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

बहुजनको हित र सुख हुने कार्य गर्न धार्मिक अन्धविश्वास बाधाको रूपमा रहेको र मिथ्यादृष्टि (अन्धविश्वास) बाट मुक्त हुन, अरूलाई बोध गर्नुभन्दा अगावै आफू स्वयंले सम्यक्दृष्टिले युक्त भई अनुभव गर्नुपर्ने आवश्यकता वहाँले ठान्नुभयो । तसर्थ ख्यातिप्राप्त ठूलठूला विद्वान् आचार्यहरूसँग सत्संगत गर्नुभयो । ज्ञान प्राप्तिको आशाले वहाँले आफ्नो शरीरलाई कष्ट हुने कुरामा पनि वास्ता गर्नुभएन । आहारै त्याग गरी तपस्या गरेको कारण शारीरिक कमजोरीले गर्दा बेहोशसमेत हुन पुग्नुभयो । होशमा फर्कंदा वहाँले बुझ्नुभयो, "आवश्यक आहार ग्रहण नगरी देहलाई पीडा दिनु उचित होइन । यस्तो कार्यले आध्यात्मिक उन्नति संभव छैन ।" वहाँले बुझ्नुभयो, "भोकले ग्रस्त हुँदा चिन्तनशक्ति पनि कमजोर हुँदोरहेछ । आध्यात्मिक उन्नतिको लागि भौतिक उन्नति पनि चाहिंदोरहेछ ।"

अनेकप्रकारले परिश्रम गरी ६ वर्षको अथक प्रयासले वहाँले वैशाखपूर्णिमाका दिन बोधिज्ञान प्राप्त गर्नुभयो । वहाँले बुझ्नुभयो कि संसार दुःखै दुःखले व्याप्त छ र त्यो दुःखको कारण तृष्णा हो । आफूले दरबारिया जीवन



Downloaded from http://dhamma.digital

बिताइसकेको हुँदा विलासीजीवनबाट वहाँ राम्ररी परिचित हुनुहुन्थ्यो भने दरबारभन्दा बाहिरको जीवन पनि भोगिसकेको हुँदा संसारको गतिविधिबारे जानकारी पनि पाउनुभैसकेको थियो । बोधिज्ञान प्राप्त गरिसकेपछि वहाँले बुझ्नुभयो कि दुःख स्थायी नहुन पनि सक्छ । दुःखको कारण पहिल्याएर त्यसलाई हटाउन सकेमा दुःखबाट मुक्त हुन सकिन्छ र यस्तो गर्ने उपाय पनि छ । त्यसको उपायमा वहाँले आठप्रकारका मार्गहरू छन् भन्ने कुरा थाहापाउनुभयो । बुद्धत्व प्राप्तलाई नै बुद्ध भनिन्छ ।

बुद्धत्व प्राप्त गरी त्यसको रसास्वादनमा मग्नभैरहनुभएको बेला दुइजना ब्यापारी दाजुभाइ तपस्सु र भल्लुक वहाँकहाँ पुगेका थिए । यी दुई दाजु-भाइले बुद्ध उत्पन्न भैसक्यो भन्ने कुरा सुनेका थिए । उनीहरूले बुद्धसमक्ष आफ्नो जिज्ञासा प्रकट गरे – "बुद्धत्व प्राप्त गर्नुहुने महानुभाव के तपाईं नै हुनुहुन्छ ?" शान्तपूर्वक तथागतले त्यसमा सहमति ज़नाएको हुँदा उनीहरूले पञ्चाङ्ग दण्डवत् गरी आफ्नो श्रद्धा व्यक्त गरे । तत्पश्चात् तथागतसित उनीहरूले आफ्नो श्रद्धाअनुसार पूजा गर्नको लागि कुनै एउटा चिन्हको



Downloaded from http://dhamma.digital

माग गरे । बुद्धत्व प्राप्तिपछि सर्वप्रथम बुद्धको शरण गएका यी उपासकहरूलाई वहाँले आफ्नो केश (रौं) दिनुभएको थियो । त्यही केशलाई गर्भमा राखेर बनाइएको स्वेतगों नामक चैत्य अद्यापि बर्मामा सुरक्षित छ । स्वयम्भूचैत्यभन्दा ठूलो त्यस चैत्यलाई सुनको पाताले सजाइएको छ । बहुमूल्य हीरामोतीयुक्त गजुर भएको त्यस चैत्यमा भक्तजनहरू आज पनि आफ्नो श्रद्धा व्यक्त गर्ने गर्दैछन् । ती दुई उपासकहरूको भक्तिभावको क्रियालाई देखेर बुद्धले विचार गर्नुभयो, - "कस्तो अचम्मको संसार ! मानिसहरू ज्ञानको खोजी गर्दैनन् । भक्तिभावमै सन्तुष्ट हुन्छन् । ज्ञानको लागि प्रार्थना नगरी पूजा गर्न चिन्ह माग्छन् । त्यत्रो कठिन साधनापछि प्राप्त गरेको बुद्धत्व खालि भक्तिभावमा मात्र सीमित भएकाहरूको लागि कुनै अर्थको हुनेछैन । यिनीहरूले त्यसलाई मनन गरी बुझी व्यवहारमा ल्याउनेछैनन् र हृदयपरिवर्तन नभैकन, पुरानो संस्कार नत्यागिकन बोधिज्ञानको अर्थ कसरी बझ्न संभव होला । मानिसहरू राग र द्वेषले ग्रस्त छन् । मोहमा भुलेर मूर्ख बन्दै छन् । सुख सुविधा र भोग विलासमै रमाउँदैछन् । किंचित् परिश्रम गर्न पनि



Downloaded from http://dhamma.digital

चाहँदैनन् र सुखको मात्र अपेक्षा गर्छन् । दया, माया र जनसेवाभावको अभाव छ । उँच-नीच जस्ता वर्णभेद सृजना गरी जातपातको पछि लागेर आफू सज्जन र सच्चरित्रवान् नबनी देवभक्ति र ईश्वरपूजामा विश्वासगरी वरदानको आशामा भुलिरहेका छन् । यिनीहरूलाई शिक्षा दिनुको कुनै अर्थ हुनेछैन बरु एक्लै जंगलमा रहेर आनन्दमग्न भई दिन बिताउनु राम्रो छ । व्यर्थैमा संझाउने कष्ट किन गर्नू ।"

केही क्षणको यस्तो तर्कनापछि सतर्क भएर वहाँले आफूलाई आफूले नै अर्ति दिन थाल्नुभयो - "अज्ञानीहरूलाई शिक्षा दिन, बहुजनको हित गर्न राजदरबारसमेत त्यागी आफूले पाएको ज्ञान यसरी निराश र हतोत्साहित भएर पलायन हुनुलाई नै हो त ? अन्धकारमा भटकिरहेकाहरूलाई बाटो नदेखाएमा, ज्ञानले प्रज्वलित नपारेमा उनीहरू मोजमज्जा र विलासीजीवन बिताउँदै स्वार्थी र मूर्ख नै रहिरहनेछन् ।" तसर्थ वहाँ मानिसहरूमा सेवाभाव जगाउन, बहुजन हित गर्न बहुजनलाई सुखको वास्तविक अर्थ बुझाउन आफूले पाएको ज्ञान प्रचार गर्न अघि सर्नुभयो । यसै क्रममा वहाँले सारनाथमा पञ्चभद्रवर्गीयलाई धर्मचक्रप्रवर्तन अर्थात् मध्यम-



Downloaded from http://dhamma.digital

मार्गको उपदेश दिनुभयो । त्यसपछि सारनाथबाट राजगृह हुँदै कपिलवस्तु पुग्नुभयो । अभिमानी र अहंकारी शाक्यहरूलाई जातिभेदको अनौचित्यता (ठीक नभएको) देखाउन कपिलवस्तुमा जनताको दैलो दैलोमा भिक्षाटन गर्न थाल्नुभयो । यो वहाँले व्यावहारिकरूपमा देखाउनुभएको एकप्रकारको सांस्कृतिक र सामाजिक क्रान्तिको मार्ग हो । राजकुमार सिद्धार्थले बुद्धत्व प्राप्त गरी जनताको दैलो दैलोमा भिक्षामाग्दै छन् भन्ने समाचार पाएर राजा शुद्धोदनको मथिंगल नै खल्बलिन थाल्यो । एक शाक्य (क्षत्रिय) राजपुत्रले कुलको मर्यादाविपरीत जातपातलाई बेवास्ता गरी भिक्षा माग्नु राजकुलको लागि अपमान ठहऱ्याउनु भयो । यसैले राजा शुद्धोदन तथागत बुद्धसम्मुख हतारिंदै पुगेर प्रश्न गर्नुभयो -"राजकुलप्रति, राजसंस्कृतिप्रति यस्तो अपमान किन गर्नुभएको ?"

राजा शुद्धोदनलाई गौतम बुद्धले उत्तर दिनुभयो - "महाराज, मेरो संस्कृति अब राजसंस्कृति रहेन, म अब राजकुलको भइन । म श्रमणसंस्कृतिको भएं । आफूले बुद्धत्व प्राप्त गरी बहुजनको हित गर्न, बहुजनलाई सुखी



Downloaded from http://dhamma.digital

बनाउन मैले आफ्नो कुल र संस्कृतिलाई श्रमणकुल र जनसंस्कृतिलाई अगाडि सारिसकेको छु । त्यसैले महाराज ! वर्णभेदले बनाएको जातपात त्यागेर जनताको दैलो दैलोमा भिक्षाटन गरी उनीहरूबाट प्राप्त भिक्षाबाट जीविका चलाउँछु ।" तथागत बुद्धको मुखबाट बुद्धत्व प्राप्त भएको कुरा सुनी एकतर्फ राजा शुद्धोदनलाई अपार हर्ष भयो तर (क्षत्रिय) शाक्य हुनुको अभिमानले गर्दा खिन्न पनि हुनुभयो । बुद्धको कुरा उचित नै भएतापनि तथागतको जीवनचर्याले गर्दा राजा शुद्धोदनलाई अप्ठ्यारो हुन पुग्यो । वचनमार्फत् मात्र नभै काममार्फत् नै तथागतको यो शिक्षा प्रथमरूपको क्रान्ति नै थियो ।

कपिलवस्तुमा छँदा तथागतले आफ्नो भाइ नन्दकुमार र छोरा राहुल कुमारलाई भिक्षुजीवनमा ल्याउनुभयो । पछि माता प्रजापति गौतमी र राहुलमाता यशाधरादेवीलाई पनि भिक्षुणी बनाउनुभएको हुँदा आफ्नो राजकुललाई ठूलो मार पर्न गयो । यस्तै तथागतले असंख्य शाक्यकुलपुत्र कुलपुत्री-हरूलाई प्रव्रज्या दिनुभएको थियो जसले गर्दा राजकुलमा भुइँचालै गएको थियो ।



Downloaded from http://dhamma.digital

तथागतले दिनुभएको प्रथम शिक्षा हो - "दुःखको कारण तृष्णा", यही तृष्णामा लहसिएर भोगविलासी जीवनको अपेक्षा गरी एकराजा अर्को राजासँग, एक ब्राह्मण अर्को ब्राह्मणसँग, माता-पिता पुत्रपुत्रीसित, मित्र-मित्रसित एकअर्काका बीच शत्रुताको भाव राखी कलह गर्दैछन् । ससाना कुराहरूमा समेत सहिष्णुता र उदारतालाई पन्छाएर वैरभावलाई बढावा दिँदै एकले अर्कोको हत्यासमेत गर्न तम्सिएका छन् । यी सम्पूर्ण कुरा हुनाको कारण त्यही तृष्णा हो । वर्तमानमै शान्ति स्थापना गर्न क्रियाशील हुनेहरूमा समेत यसतर्फ ध्यान पुगेको देखिएको छैन । अशान्तिको मुख्य कारणको रूपमा रहेको तृष्णालाई आवश्यकताभन्दा बढी कुरा संचित गर्ने प्रवृत्ति हटाउनेतर्फ आज कमैमात्र प्रयास गरेको देखिन्छ । बुद्धले भन्नुभएको उपदेशअनुसार दुःखबाट मुक्त हुन सम्यक्‌दृष्टिले युक्त हुनु आवश्यक छ । सम्पत्तिलाई व्यक्तिगतरूपमा संचय नगर्न गौतम बुद्धले प्रज्ञप्त गर्नुभएको छ । आजकाल यसप्रकारको बुद्धशिक्षाको अनुसरण गर्नेहरूमा प्रव्रजितसमेत छन् कि छैनन् भनेजस्तो भइसकेको छ ।

गौतम बुद्धले आफ्नो कथनलाई व्यावहारिकरूप दिनुभएर



Downloaded from http://dhamma.digital

विनीत नाम गरेको तल्लो जात भनिने व्यक्तिलाई भिक्षु बनाउनुभएको थियो । वहाँ भन्नुहुन्थ्यो -

न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो,
कम्मना वसलो होति कम्मना होति ब्राह्मणो ।

अर्थ - जन्मले तल्लो जातको हुँदैन, जन्मले ब्राह्मण पनि हुँदैन ।
कर्मले नै तल्लो जातको हुनेछ र कर्मले नै ब्राह्मण हुनेछ ।

उपर्युक्त विचार आजभन्दा २५ सय वर्षअगाडि गौतम बुद्धले व्यक्त गर्नुभएको थियो जुन तर्कसम्मत, व्यावहारिक र यथार्थतालाई बोध गर्ने खालको छ, तर आज बौद्ध समाजमा पर्यन्त वर्णव्यवस्थाको जातपातको बोलबाला हट्न सकेको छैन । हुनत भिक्षुसंघमा तल्लो जातको व्यक्तिको पनि उपस्थिति छ तापनि यसलाई अघि बढाउन अनुमति नदिने नीतिसम्म पनि अँगालेको हुन्छ । नेपालमा पनि वर्णव्यवस्थाको प्रभावमा रहेर प्रतिष्ठित प्रजातन्त्रवादी नेताहरूपर्यन्तले आफ्नी छोरीलाई अन्तर्जातीय विवाह गरिन् भनेर घरमा पस्न नदिई निकालेका छन् । आमा



Downloaded from http://dhamma.digital

बाबुको काजक्रिया गर्नसम्म पनि रोक लगाएका छन् । बौद्ध- आचरणमा जातिभेदको लागि कुनै स्थान छैन ।

गौतम बुद्धले मृत्युशैय्याबाट परिनिर्वाणका केही क्षणअघि भिक्षुहरूलाई उपदेश दिनुभएको थियो - "भिक्षुहरू ! मेरो (बुद्धको) मृत्युपछि मूर्तिपूजामा ध्यान नदिनू, आफ्नो चरित्र सुधार गरी उच्च जीवन बिताउनू ।" यस्तै वहाँले भन्नुभएको थियो - "यो धम्मं पस्सति सो मं पस्सति" । अर्थात् जसले म बुद्धद्वारा दिइएको धर्मअनुसार आचरण गर्नेछ, उसले मलाई पूजा गरेको हुनेछ, ऊ मेरो नजिक हुनेछ, परन्तु यहाँभने व्यवहारमा मूर्तिपूजाले नै बढी प्राथमिकता पाउँदै आएको छ । मूर्तिपूजा नगरेमा ऊ वास्तविक भिक्षु वा बौद्ध कहलाउन नसकिने अवस्था यहाँ विद्यमान रहेको छ । गौतम बुद्धको उपदेश उत्कृष्ट भएतापनि वैदिक हिन्दूसंस्कारको जग बलियो भएको ले बुद्धशिक्षा व्यवहारमा ल्याउन अति कठिन भैरहेको छ । विश्वका अधिकांश देशहरूमध्ये मूर्तिपूजामा प्रख्याती पाएको मुलुक थाइल्याण्ड हो । अनि त्यसपछि चीन, बर्मा र श्रीलंका अधिक संख्यामा बुद्धमूर्ति भएको मुलुकको रूपमा गनिन्छन् । थाइल्याण्ड एक यस्तो



Downloaded from http://dhamma.digital

मुलुक हो जसले मूर्तिनिर्माण गर्नमा मात्र वर्षेनी अरबौं रूपिया व्यय गर्दछ । थाइल्याण्डबाट करोडौं रूपियाका मूर्तिहरू नेपालमा पनि भित्रिएका छन् । यसरी तथागतको उपदेश सारयुक्त भएपनि पुरानो संस्कार त्याग्न नसकेर धर्मव्यवहारमा ल्याउन अप्ठ्यारो परिरहेको छ ।

आफ्नै जीवनमा बुद्धले कर्मकाण्ड र अन्धविश्वासको सशक्तरूपमा विरोध गर्नुभएको थियो । आजकाल बौद्धहरू नै कर्मकाण्डको प्रभावले ग्रस्त भएझैं छ । हिन्दूसंस्कारयुक्त समाजव्यवस्थाको कारणले गर्दा कर्मकाण्डलाई अपनाएर बुद्धको शिक्षालाई व्यवहारमा उतार्न मानिस असमर्थ भएका छन् ।

पुरोहितवादको विरोधीको रूपमा बुद्धलाई लिइन्छ । अन्य धर्मबाट प्रभावित बौद्धसमाजले भिक्षुहरूलाई पनि पुरोहितकर्म गराउन अभिप्रेरित गरेको छ । दाताहरूको आश्रयमा रहनुपर्ने भिक्षुहरूलाई बुद्धोपदेशअनुसार लाग्न पनि कठिन भएको छ ।

बुद्धधर्मले देवी देवतालाई प्राथमिकता दिंदैन । यस शिक्षा (धर्म) मा देवी देवताको मान्यता छैन । यहाँ एउटा



Downloaded from http://dhamma.digital

कुरा बौद्धपालिसाहित्यका "सूत्रपिटक" (परित्राणग्रन्थ) मा देव-देवीहरूको थुप्रै उल्लेख भएको पाइन्छ । यसले बुद्धधर्मलाई अनीश्वरवादी भन्नसमेत अप्ठ्यारो पारेको छ । यस्तै बौद्धसाहित्यमा "पुनर्जन्म" र "पूर्वजन्म" का कुराहरू समावेश भएको पाइएबाट मानिस मरेपछि स्वर्ग वा नरकमा जन्म लिन जान्छ भन्ने कुरा उल्लेख भएको पाइनाले बुद्धधर्मलाई अनात्मवाद भन्न पनि अप्ठ्यारो भएको छ । (सिद्धान्तअनुसार तृष्णा रहुन्जेल पुनर्जन्म लिन्छ) ।

भिक्षुहरूको समुपस्थितिमा हुने धार्मिक कार्यक्रममा पञ्चशील-प्राणीहिंसा नगर्ने, चोरी नगर्ने, व्यभिचार (बलात्कार) नगर्ने, झूठ नबोल्ने, लागू अम्मलपदार्थको सेवन नगर्ने (प्रतिज्ञा) ग्रहण गर्ने गरिन्छ तर विहारमा जाने उपासक उपासिकाहरू अनि बुद्धधर्मको उन्नति चाहने भन्ने बौद्धनेताहरू विवाह आदि भोज भतेर र गुठीको बेला मद्यपदार्थ प्रयोग गर्नुपर्दा पञ्चशीललाई नै बाधाको रूपमा अप्ठ्यारो महसूस गर्दछन् । बुद्धमार्गीहरू पशुबलिसमेत दिएर पूजा गर्ने पनि छन् । यो एउटा बुद्धशासन (धर्म) प्रतिको बिडम्बना हो । भोज-भतेर, चाड-पर्वको सिलसिलामा र शारीरिक श्रम गर्नुपर्ने किसान,



Downloaded from http://dhamma.digital

मजदूरहरू मद्यपान गर्दछन् । यसले पञ्चशीलमा बाधा दिने हुन्छ । यतिसम्म कि वैशाखपूर्णिमाजस्तो बुद्धलाई संझने पर्वमा पनि मादकपदार्थ सेवन नगरिनहुने परम्परा छ ।

"वैरभावबाट वैर शान्त हुँदैन, मैत्रीभावले मात्र वैर शान्त हुन्छ," गौतम बुद्धको यो वचन सर्वकालिक र शास्वत छ, तर बुद्धमार्गीहरूको त के कुरा धर्मप्रचारकहरूलाई पनि सानो कुरामा गाली गर्दा र अपमानजनक स्थिति आउँदा बुद्धको यो उपदेश कुन हदसम्म पालन होला भन्ने लागेको हुन्छ । यसरी परम्पराको बौद्धशिक्षामा बन्धकरूपमा रहेको बुद्धशासनलाई स्थायीत्व दिन बौद्धहरूले ठूलो त्याग गरी व्यवहारमा उत्रनुपर्ने देखिन्छ, अन्यथा बुद्धधर्मलाई जिस्क्याएझैं मात्र हुनेछ ।

❑



Downloaded from http://dhamma.digital

# थेरवाद र महायान

अर्हत् र बोधिसत्त्वयान अथवा हीनयान र महायानको इतिहास हामीले बुझिराख्नु राम्रो होला । आजकाल अर्हत् यानलाई हीनयान अथवा थेरवाद भनिन्छ । बोधिसत्त्वयानलाई महायान भनिन्छ । अर्हत्पद प्राप्त गर्नुलाई हीनयान भन्नु र बुद्ध बन्ने मार्गलाई महायान भन्नु उचित छैन किनभने बौद्धपालिसाहित्यले र संस्कृतसाहित्यले पनि अर्थात् थेरवाद बुद्धधर्मले र महायानी बौद्धधर्मले पनि बोधिसत्त्वलाई मान्यता दिएको छ । थेरवादीको विचारअनुसार पनि जुन व्यक्तिले पनि बोधिसत्त्व बन्न सक्छ तर यसको मतलब यो होइन कि बोधिसत्त्व नै बन्छु भनेर प्रतिज्ञा गर्नुपर्छ । यसरी प्रतिज्ञा गर्नु अव्यावहारिक हुनेछ । कोही बन्न चाहन्छ नै भने आ-आफ्नो इच्छाको कुरा हो । कसैको श्रावक हुने इच्छा हुन्छ भने कसैको प्रत्येक बुद्ध हुनेइच्छा हुन्छ अथवा सम्यक्सम्बुद्ध हुने इच्छा हुन्छ तर सबभन्दा उत्तम त सम्यक्सम्बुद्ध हुनु हो । अरू इच्छाचाहिँ गौण छ, मानिसको लागि इच्छालाई मान्यता दिएको छ पालिसाहित्यमा ।



Downloaded from http://dhamma.digital

बाऱ्हौ शताब्दीमा म्यानमार (बर्मा, थेरवादी देश) पगानमा अलंगसिथु राजले स्वेगुजी विहार बनाएर पालिभाषामा शिलालिपि लेखिराखेको छ -"यस पुण्यको प्रभावले बुद्ध बन्न सकोस् । श्रावक बन्दिन ।" (Bodhisattwa Ideal, डा. भिक्षु राहुल) ।

दशौं शताब्दीमा श्रीलंकाका राजा महिन्दले इश्वी ९५६-९७२ A.C. शिलालिपि लेखेर घोषणा गर्नुभएको छ रे, बोधिसत्त्वबाहेक अरू राजा हुनुहुँदैन । यसरी विश्वास गरेको देख्दा श्रीलंकाका राजा बोधिसत्त्व हुनुहुन्छ ।

महातिपिटक चूलाभय थेरवादी भिक्षु जसले मिलिन्दटीका (बाऱ्हौं शताब्दी) पुस्तकको अन्तमा लेखिराखेको छ, बुद्ध हुने इच्छा - "बुद्धो भवेय्यं", बुद्ध हुन सकूं । यसले के बुझिन्छ भने लेखक बोधिसत्त्व हो ।

अहिलेसम्म कतिपय तालपत्र बौद्धग्रन्थहरू बाकी छन् जसमा अन्तमा बुद्ध हुने इच्छा प्रकट गरिएको छ । थेरवादी बौद्धदेशमा पुण्यकर्म गरिसकेपछि भिक्षुहरूले आशिका र प्रार्थना गराउनुहुन्छ - यस पुण्यको प्रभावले श्रावक, प्रत्येक बुद्ध, सम्यक्सम्बुद्ध तीनमध्ये एउटा प्राप्त गर्न सकोस् ।



Downloaded from http://dhamma.digital

यस पुण्यको फलले सकल प्राणीहरू सुखी होउन् भनी पुण्यानुमोदन गरेर प्रार्थना गर्ने गरिन्छ । यो पनि बोधिसत्त्वचर्या हो । (बोधिसत्त्वविचार - डा. भिक्षु राहुल ।)

हीनयान र महायान भनी पालिसाहित्यमा कतै उल्लेख भएको पाइँदैन, न त्रिपिटक अर्थकथामा कतै उल्लेख भएको पाइन्छ । दीपवंश इस्वी ४०० मा लेखिएको र महावंश ५०० शताब्दीमा लेखिएको इतिहासमा पनि कतै हीनयान, महायान शब्द लेखिएको छैन, केवल वेतुल्यवादी (संस्कृतमा वैतुल्यवादी) भनी लेखिएको पाइन्छ । यसको अर्थ विरोधी विचारका हुन् भन्न मिल्छ ।

महायानदर्शनसम्बन्धी लेखिएको समुच्चय भन्ने पुस्तकमा वैतुल्यजस्तै समानवैपुल्य शब्द प्रयोग गरिएको छ जसमा बोधिसत्त्वपिटक भनिन्छ । अहिले बोधिसत्त्वपिटकलाई महायान भनी भन्न सकिन्छ तर पालिसाहित्यले हीनयान र महायानलाई मान्यता दिएको छैन ।

हीनयान र महायान भनी उत्पन्न भएको कुरा धेरै वर्षपछि मात्र हो । इतिहासअनुसार त "थेर" धेरै पुरानो भन्न सकिन्छ । थेरवाद बुद्धको मूलशिक्षा भनिन्छ ।



Downloaded from http://dhamma.digital

थेरवादधर्म अशोक राजाको छोरा महेन्द्र महास्थविरले श्रीलंकामा लगेको हो । त्यसताका महायान भनी भनिएको छैन । पछि मात्र भिक्षुहरूबीच कलह-भेद भएपछि यसरी हीनयान-महायानको भेद देखिएको हो । आजसम्म थेरवाद बौद्धदेश श्रीलंका, बर्मा, थाइल्याड, क्याम्बोडिया आदि देशले हीनयान शब्दलाई मान्यता दिएको छैन । कहिले पनि त्यो शब्द प्रयोग गरेको छैन ।

इस्वी १९५० मा श्रीलंकामा विश्व बौद्ध सम्मेलन भएको बेला थेरवाद शब्द व्यवहारमा प्रयोग गर्नुपर्थ्यो नकि हीनयान भनी प्रस्ताव ल्यायो तर अहिलेसम्म बोधिसत्त्वप्रधान देशले थेरवादलाई हीनयान भनी व्यवहारमा ल्याउँदैछन् भन्ने चर्चा छ ।

अब विचार गरूं अथवा चर्चा गरूं, गौतम बुद्धको परिनिर्वाण (दिवंगत) पछि किन र कसरी भिक्षुहरूबीच भेदभाव देखिन आयो ।

बुद्धपरिनिर्वाणपछि धरै दिन नबित्दै अजातशत्रु राजाको दायकत्वमा प्रथम संगायना (संगीति-सम्मेलन) भयो । त्यही बखत पुराण नामक भिक्षु राजगृह आउँदा प्रथम संगायना समाप्त भइसकेको थियो । वहाँले संगायना गरेको तरिका



Downloaded from http://dhamma.digital

सुनेपछि भन्नुभयो, आफू बुद्धको उपदेशअनुसारमात्र चल्ने निर्णय सुनाएको थियो । यस कुराबाट प्रथम संगायनाबारे प्रश्न उठ्ने स्थान छ ।

त्यसपछि एक सय वर्षजति बुद्धशासन शान्तपूर्वक चलिरहयो । त्यसपछिको एकसय वर्षपछि कालाशोक राजाको पालामा बुद्धको शिक्षामा भिक्षुहरूले दशवटा नयाँ नियम प्रयोग गरे केही आपत्ति (दोष) छैन भनी हल्ला फैलाए ।

तेनखो पन समयेन वस्ससत परिनिब्बुते भगवति (बुद्ध) वेसालिका वज्जिपुत्तका भिक्खू वेसालिया दस वत्थूनि दीपेन्ति । दशवटा नयाँ नियम –

१. कप्पति सिङ्गिलोण कप्पो = नून नभएको ठाउँमा जानेबेला सिंगमा नून राखेर लग्नु हुन्छ ।
२. कप्पति द्वंगुल कप्पो = मध्यान्हपछि दुई अंगुल छाया लामो भएसम्म (बाऱ्ह बजेपछि) भोजन गर्नु हुन्छ ।
३. कप्पति गामन्तर कप्पो = एकै दिनमा अर्को गाउँमा फेरि भोजन गर्नु हुन्छ ।
४. कप्पति आवास कप्पो = एउटै सीमागृह (उपोसथगृह) भएको ठाउँमा विभिन्न भिक्षुहरूले अलग अलग उपोसथ



Downloaded from http://dhamma.digital

(नियमपाठ) गर्नु हुन्छ ।

५. कप्पति अनुमति कप्पो = अनुपस्थित भिक्षुहरूको अनुमतिपछि मात्र मिलाउँला भनी उपोसथ (विनय नियम) गर्नु हुन्छ ।

६. कप्पति आचिण्ण कप्पो = गुरुको अन्धानुकरण गर्नु हुन्छ । (अर्को शब्दमा गुरुहरूले गरिआएको राम्रो वा नराम्रो सबै ठीक मान्नु)

७. कप्पति अमत्थित कप्पो = भोजनोपरान्त दूध-दही नजम्दैको (मही) खानु हुन्छ ।

८. कप्पति जलोगि पातु = रक्सी हुन नपाएको मद्य (जाँड) पिउनु हुन्छ ।

९. कप्पति अदसक निसीदनं = किनारा (संजाप) नभएको लम्पटमा बस्नु हुन्छ ।

१०. कप्पति जातरूप रजतं = सुन चाँदी ग्रहण गर्नु हुन्छ ।

त्यसबेला आयुष्मान् काकण्डपुत्र स्थविर वैशाली घुम्न जानुभयो । वहाँले माथिका दश कुरा सुनेर भिक्षुहरू जम्मा गरी सम्मेलन गर्नुपऱ्यो भनी द्वितीय संगायना (संगीती) गर्नुभयो ।

❑



Downloaded from http://dhamma.digital

## सम्प्रदायभेद

यो संगायनामा भाग नलिएका असन्तोषी हजारौं भिक्षुहरूले कौशाम्बीमा गएर संघसभा गरेर महासांघिक निकाय (साम्प्रदायिक संगठन) बनाए । बुद्धश्रावकबीच भेद आरम्भ भएको यो पहिलो ऐतिहासिक घटना हो । यहाँ –

माथिका दश कुराहरूमा विवाद उठेपछि महासांघिक पक्षले प्रसिद्ध भिक्षु अरहत् रेवत महास्थविरलाई आफ्नो पक्षमा ल्याउन घुस ख्वाउन लगेको थियो, जुन उहाँले स्वीकार गर्नुभएन । पछि उहाँकै शिष्य उत्तर महास्थविर-लाई घुस खुवाइयो, जसको दण्डस्वरूप रेवतले उत्तरलाई संघबाट निकाला गरिदिए । यहाँदेखि महायानको बीउ रोपियो भनेपनि हुन्छ । इतिहासअनुसार महासांघिक ६ टुक्रामा विभाजित भयो ।

१) महासांघिक २) एकव्यावहारिक ३) गोकुलिक ४) प्रज्ञप्तिवादी ५) सहश्रुतिक ६) चैत्यवादी ।

थेरवादीबाऱ्ह टुक्रा भयो । १) स्थविरवाद २) वज्जिपुत्तक ३) धर्मोत्तरीय ४) भद्रयानिक ५) छन्नागरिक



Downloaded from http://dhamma.digital

६) महिंसासक ७) सम्मतीय ८) धर्मगुप्तिक
९) सर्वास्तिवादी १०) काश्यपीय ११) सांक्रान्तिक
१२) सूत्रवादी ।

माथिका दश नियमहरूमा उचित छ भन्ने प्रस्ताव राख्नेहरूको कथन, धारणा र हुँदैन भन्नेहरू पक्षको धारणातिर पनि हामीले बुझिलिनु राम्रो हुन्छ जस्तो लाग्छ, अनिपछि मात्र महायान र हीनयानको भेदभाव थाहा हुने हुन्छ ।

विरोधी भएर अलग भएकाहरूको भनाइ हो, पुरानो नियम पालन नगरी (नियम) उल्लंघन गर्नुभन्दा उपनियम बनाई संघले निर्णय गरेको भए नियम उल्लंघन भयो भनी पश्चात्ताप र आत्मग्लानि नहुने भयो नि ! जानाजानै नियम उल्लंघन गरी अकुशल कर्म किन बढाउने ? गौतम बुद्धले परिनिर्वाण हुनुभन्दा केही दिन अघि भिक्षुहरूलाई सम्बोधन गर्नुभई भन्नुभएको थियो - "भिक्षुहरू कुरा गरेर चित्त बुझ्छ भने सबै मिलेर साना साना नियमहरू छाडेपनि हुन्छ, हटाएपनि हुन्छ" ।

स्थविरवादीको भनाइ हो - "नियम भनेको चाहिने चाहिने



Downloaded from http://dhamma.digital

बेलामा जहिले पनि फेर्नुहुँदैन, बुद्ध हुनुभएको भए वहाँले फेर्न सक्नुहुन्छ । वहाँले त्यस्तो नियम फेर्नु पनि भएको थियो । अहिले नियम फेर्ने अवस्था आइपुगेको छैन । यसरी नियम फेर्दै गयो भने बुद्धले बनाउनुभएको नियम केही पनि बाकी रहँदैन, तसर्थ बुद्धले बनाउनुभएको नियम जस्ताको त्यस्तै राखौं । पालन गर्न नसकिनु र उल्लंघन हुनु अर्कै हो" । यही कुरामा मतभेद हुँदै १८ वटा निकायमा टुक्रा हुन पुग्यो, (जस्तै आजकाल मार्क्सवादी कम्युनिष्ट र अरू पार्टीहरू टुक्रा टुक्रा हुन पुग्यो) । अहिलेसम्म देखिने स्थविरवादीका शाखा सर्वास्तिवाद चीनमा विद्यमान छ । यो पूजाविधिमा मात्र फरक देखिन्छ ।

बुद्धपरिनिर्वाणपछिको चार सय वर्षपछि विरोधीपक्ष महासांघिक सम्प्रदाय धेरै बलियो हुन पुग्यो । त्यसताका कनिष्क राजाको राज्यशासन थियो । त्यो राजा महासांघिक पक्षको भयो । स्थविरवादी (थेरवादी) कमजोर हुँदै गयो । कनिष्क राजाको पालादेखि बुद्धमूर्ति निर्माण गर्न शुरूभयो । बुद्धमूर्ति-पूजाविधि शुरू भयो । अनि मानिसहरूले भन्न थाले, "बल्ल धर्म देखाइदियो, आस्था बढ्न थाल्यो ।



Downloaded from http://dhamma.digital

स्थविरवादी (हीनयान) भिक्षुहरू पूजा पनि केही नगर्ने, केवल आचरण र चित्त शुद्ध हुनुपर्ने कुरा गर्ने, त्यसखालको चर्या पनि केही गरेको देखिँदैन । मूर्तिपूजा शुरूगरेदेखि मानिसहरू महायानमा लागे । समाजसेवा र परोपकारको लक्ष्य गरी चर्यामा लाग्नेहरूको कुरामात्र भयो तर मूर्तिपूजामा संलग्न हुन थालियो । बोधिसत्त्वयानलाई भुलेर भक्तिमार्गमा लाग्न थालियो । पूजा पाठ गरेर मानिसहरू तान्ने र जमघट गराउनुमा पल्के । पूजापाठले शान्तिकामना गर्नुलाई नै महायान ठान्ने र सम्झिने भयो । फलस्वरूप बुद्धको मूलसिद्धान्त चित्त शुद्ध गरेर परार्थचर्या अथवा परहित हुने काम गरेर प्रज्ञा र करुणाचित्त देखाउनुपर्ने हो । शुरूमा प्रगतिशील विचारकहरू थिए । पछि वेठिक संस्कारमा लागी त्यसको प्रतिगामीमा लाग्न शुरू भयो । महायानीहरू व्यवहारले हीनयानी बन्न पुगेको छ भन्नुपर्दा अत्युक्ति हुँदैन होला किनभने महायानी भिक्षुहरू पूजापाठमा मात्र धेरै समय बिताउँछन्, समाजसेवा, बौद्धशिक्षा प्रचार गर्ने र उपदेशतिर ध्यान दिने कुरा गौण भएको देखिन्छ । अपवादस्वरूप हाम्रो नेपालमा शेर्पा, ङवाङ वोसेर लामाज्यू



Downloaded from http://dhamma.digital

बुद्धशिक्षा प्रचार एवं समाजसेवामा लगिरहनुभएको खुसीको कुरा हो ।

यता थेरवादी भिक्षुभिक्षुणीहरूले बुद्धशिक्षा प्रचार गर्ने, उपदेश दिने कार्य धेरै गरिरहनुभएको देखिन्छ पुष्तक लेखेर बुद्धशिक्षा प्रचार र भाषासेवा गरिरहनुभएकै छ । उपदेश र समाजसेवा गरी हीनयानी (थेरवादी) कामले महायानी बन्न पुगेको छ भन्नु पनि बढ्ता कुरा हुँदैन होला ।

यसरी कालान्तरमा थेरवाद, महायान, वज्रयान अलग अलग शाखा प्रशाखामा विभाजित हुनपुगी साम्प्रदायिकताको मुकुण्डोतिर लागे । पछि त्यही हावा लागी थेरवादीहरू पनि भक्तिमार्गतिर, कर्मकाण्डतिर ढल्किए र विकृति देखापऱ्यो तर गौरवको कुरा के छ भने महायान र वज्रयानभन्दा थेरवादमा ज्ञानमार्गको शिक्षा र वैज्ञानिकताको लक्षण बढी देखिन्छ । यसमा पूजापाठहरूले मात्रै शुद्धि नहुने, दुःखबाट मुक्ति प्राप्त नहुने तर काम राम्रो भई चरित्र सुधार भएमा शुद्धि र मुक्ति हुने कुरा प्रचारमा छ । महायानी अर्थात् मंगोलिया, चीन, कोरिया र जापानी भिक्षुहरूका हृदय जति उदार र फराकिलो छ त्यति थेरवादी भिक्षुहरूको छैन,



Downloaded from http://dhamma.digital

संकुचित र संकीर्णता देखिन्छ भन्नुपर्दा दुःख लाग्छ । वास्तवमा शुद्ध बुद्धमार्गी बन्न प्रथमतः हृदय स्वच्छ र उदार हुनुपर्छ । चरित्र र आचरणमा शुद्धता देखिनुपर्छ । संकीर्ण तथा संकुचित विचारधारालाई काखी च्यापेर सच्चा बुद्धमार्गी बन्ने कुरा भ्रम मान्नुपर्नेछ । शुद्ध र अशुद्ध भन्ने कुरा आ-आफ्नै व्यवहार र चरित्रमा निर्भर रहने कुरा हुन् ।

हुनत महायान र वैदिकविधि व्यवहारको निकटताले गर्दा थेरवादी भिक्षुहरूको जीवनमा भक्तिको संस्कारले बास लिइसकेको छ । थेरवादमा पनि मूर्तिपूजालाई प्रमुख धर्मको रूपमा मानिसकेको छ । त्यतिमात्र कहाँ हो र परित्राणपाठ गरेर विश्वशान्ति कामना र भूतप्रेतप्रति विश्वास गरेर तंत्रयानीसमेत बन्न पुगेको कार्यले देखाइसकेको छ । हाम्रो नेपालमा मात्र होइन थाइल्याण्ड, श्रीलंकाको पनि यस्तै कुरा हो ।

परित्राणको इतिहासमा वैशालीमा दुर्भिक्ष भएको बेला बुद्धले रतनसुत्त पाठ गर्नुभएर जल छर्केर शान्ति स्थापना गर्नुभएको कुरा उल्लेख छ । थेरवादीहरूको विश्वासअनुसार परित्राणपाठ बुद्धले नै शुरू गर्नुभएको हो । लंकाका



Downloaded from http://dhamma.digital

महापरित्राण-पुस्तकमा भूमिका लेख्नुहुने परिवेण परीक्षा केन्द्रीय नियंत्रक पंडित वटद्दर मेधानन्द महास्थविर र आचार्य देवुच्छर श्री वचस्सर नायक स्थविरहरूका विचारअनुसार परित्राणपाठ महायानीहरूको धारणी स्वस्तिपाठबाट आएको हो । उता महायानीहरूले संस्कृतभाषामा पाठ गर्ने, यता थेर वादीहरूले पालिभाषामा पाठ गर्न शुरू गरे । आव्हानसूत्र, आटानाटीयसूत्र, धजग्गसूत्र आदि तान्त्रिक प्रभावित सूत्रहरू हुन् । हुनत त्रिपिटक पालिमा यो कुरा समावेश भैसकेको छ । माथि उल्लिखित महास्थविरहरूको भनाइअनुसार कुन बेलादेखि यो कुरा त्रिपिटकमा समावेश भएको छ भन्ने निश्चित समयको जानकारी छैन भनिन्छ ।

बुद्धको शिक्षाअनुसार आयुक्षय भएको बेला बाँच्न कुनै उपाय छैन तर धम्मपदकथामा एउटा कथा छ "दीर्घायु कुमार" को । त्यो केटाको आयुक्षय भैसकेको लाई बुद्धले एक हप्तासम्म उसको घरद्वारमा मण्डप बनाई आयुक्षय भइसकेको दीर्घायु कुमारलाई १२० वर्षसम्म बाँच्न सक्ने गराइयो । त्यस कथामा उल्लेख भएअनुसारमा बुद्धको शिक्षाअनुसार कर्मक्षय भएको खण्डमा परित्राणपाठ, धर्मकर्म



Downloaded from http://dhamma.digital

गरेर, औषधी गरेर जिलाउन सकिन्छ, तर धम्मपदट्ठ कथाको दीर्घायु कुमारको घटना विचारणीय छ । पुस्तकमा लेखेको छ भन्दैमा बिना विचारै विश्वास गर्नुहुँदैन भनी अंगुत्तरनिकायको कालामसूत्रमा उल्लेख भएको छ । त्यस्तै विश्वास गर्ने हो भने महायानसूत्रअनुसार तथागतले हीनयानको उपदेश सारनाथमा पंचवर्गीय परिव्राजकहरूलाई धर्मचक्रप्रवर्तन गर्नुभयो । यो ऐतिहासिक तथ्य पनि हो तर महायानको उपदेश बुद्धले राजगृहको गृद्धकूटपर्वतमा बोधिसत्त्वको सभामा दिनुभयो भनिन्छ । (सद्धर्मपूण्डरीक) वज्रयानको उपदेश धान्यकटक भन्ने ठाउँमा बुद्धले दिनुभएको भनी उल्लेख छ । यी दुइटै कुरा ऐतिहासिक नभएपनि विश्वास गर्नुहुन्न भन्नुचाहिँ अप्ठ्यारो छ । थेरवादमा जतिपनि अन्धविश्वास र विकृति समावेश भएको छ, पालिसाहित्यमा उल्लेख भएको छ । पालिसाहित्यअन्तर्गत भइसकेको भन्दैमा बुद्धले भन्नुभएको भनी शिरोपर गर्नु स्वतन्त्र चिन्तनलाई उपेक्षा गरी गुरुमुष्ठीप्रेमी बन्नु हो भन्नु अत्युक्ति नहोला । यो अन्वेषण र अध्ययनको कुरा हो । त्यही सिलसिलामा यससम्बन्धी कुरा यहाँ उल्लेख गरेको हो । द्वेषभावको नियतले लेखेको होइन ।



Downloaded from http://dhamma.digital

बोधिचर्यावतारमा भूमिका लेख्नुभएका भिक्षु श्रीशान्ति (थेरवादी) भिक्षुहरू भित्र वज्रयानी र बाहिरी महायानी अनि अरूलाई भन्नलाई मात्र थेरवादी भएको छ । यस कुरामा अलि गहिएर विचार गर्नुपर्छ जस्तो छ किनभने थेरवादी बौद्धदेशमा भिक्षुहरूले ज्योतिषशास्त्रमा विश्वास गर्छन् । जन्त्र-यन्त्र लगाउनु, माला लगाउनु र बुद्धको लोगो लगाउनुमा विश्वास गर्छन्, भूतप्रेतप्रति विश्वास गर्छन् ।

श्रीलंका, म्यान्मार (बर्मा), थाइल्याण्ड आदि थेरवादी बौद्धदेशहरूको विहारको वातावरण र पूजाविधि सबै महायानी र वज्रयानी भैसकेका छन् तर त्यसो भन्दाखेरि नेपालका गुर्जुहरूको जस्तै रक्सी र जाँड तथा प्राणीहिंसा गरी बलि दिने खालको प्रथाको पूजा भने होइन ।

अब यहाँ यानको अर्थ पनि चर्चा गरूं । यानको शाब्दिक अर्थ हो रथ वा वाहन । अर्को अर्थमा भन्ने हो भने बाटो पनि हो । वायुयान अर्थात् हवाइमार्ग भनेको हो । यहाँ हामीलाई चाहेको हीनयान र महायान बुद्धधर्मसम्बन्धी शब्दको अर्थ बुझ्नु हो । पालिसाहित्यमा हीनयान र महायान भनी कतै लेखिएको छैन । आटानाटीयसूत्रमा हत्थियानं, अस्सयानं,



Downloaded from http://dhamma.digital

दिब्बयानं उपट्ठितं भनी लेखिएको देखिन्छ । यसको अर्थ हो हात्ती भएको रथ, घोडा भएको रथ इत्यादि ।

चीनी संयुक्तागममा अष्टांगिक मार्गलाई सद्धर्म-विनययान, देवयान एवं ब्रह्मयान भनी प्रयोग गरेको पाइन्छ । पालि संयुक्त निकायमा पनि अष्टांगिक मार्ग ब्राह्मण र धर्मयानको कल्पना गरिएको पाइन्छ । सुत्तनिपातमा मार्गलाई देवयान भनिएको छ । महायानीहरूको ग्रन्थअनुसार यान भनेको निर्वाणमा जाने फराकिलो बाटो हो । निर्वाणमा जानेलाई एउटामात्र बाटो हो, बुद्धत्व प्राप्त गर्नु । बुद्ध भएर नै निर्वाणत्व लाभको इच्छा गर्नेहरू महायानी हुन् अथवा बोधिसत्त्वयानलाई प्रधानता दिनु । उनीहरूको भनाइअनुसार प्रत्येक बुद्ध हुनुमात्रले, श्रावक अर्हत् हुनुमात्रले निर्वाणत्व प्राप्त गर्न सकिंदैन ।

थेरवादीहरूले प्रत्येक बुद्ध, श्रावक बुद्ध पदले नै निर्वाणत्व प्राप्त गर्न सकिन्छ भनी विश्वास र इच्छा गरिन्छ । प्रत्येक बुद्ध र श्रावक अर्हत् हुनु सानो कुरालाई इच्छा गर्ने हीनयानी हुन् र आफू एक्लै पार हुन इच्छा गर्नेहरू स्वार्थी हुन् भन्ने महायानीहरूको धारणा हो । त्यसैले महायानीहरूद्वारा बुद्ध



Downloaded from http://dhamma.digital

हुनु नै ठूलो मार्ग हो भनिन्छ ।

महायानीहरूको भनाइअनुसार तीनप्रकारका यान छन् - क) बुद्धयान ख) प्रत्येक बुद्धयान ग) श्रावक बुद्धयान ।

यस्तै थेरवादीहरूले यसलाई यान नभनिकन त्रिविध बोधि भन्छन् - क) सम्यक्सम्बोधि ख) प्रत्येकबोधि ग) श्रावकबोधि । बोधि भनेको स्रोतापत्ति, सकृदागामी, अनागामी र अरहत्मार्गज्ञानलाई भनिन्छ । चाहे भिक्षु वा गृहस्थ होस् जुन व्यक्ति कि निर्वाण प्राप्त गर्नानिमित्त योग्य व्यक्ति बनी लोककल्याणका लागि महाकरुणा राखी जीवन अर्पण गरेर आफ्नो स्वतन्त्र ज्ञानले निर्वाणलाई बुझेर अरूलाई पनि निर्वाणलाई बुझाउने हुन्छ । त्यस्तो व्यक्तिलाई बोधिसत्त्व भनिन्छ । उहाँको ज्ञानलाई सम्यक्सम्बोधि भनिन्छ ।

अरूको उपदेश नसुनी पटिच्चसमुप्पाद स्मरण गरी, बुझी एक्लै निर्वाण जाने बाटो बुझेको बुद्ध प्रत्येकबुद्ध अर्थात् व्यक्तिगत बुद्ध हुन् । अरूलाई उपदेश नदिने खालको ज्ञानलाई प्रत्येकबोधि भनिन्छ ।

श्रावकको अर्थ हो सुन्नेहरू वा अनुयायीहरू चाहे त्यो भिक्षु-भिक्षुणी, उपासक-उपासिका किन नहोस् बुद्धको



Downloaded from http://dhamma.digital

शिक्षालाई अभ्यासको रूपमा पालन गरेर निर्वाणत्व प्राप्त गर्नेहरू हुन् । उनीहरूको ज्ञानलाई श्रावकबोधि भनिन्छ । अर्को शब्दमा भन्ने हो भने अरूबाट उपदेश सुनेर अर्हत् भएर निर्वाणत्व प्राप्त गर्नेहरू हुन् ।

महायानीहरूको विश्वासअनुसार परिनिर्वाणपछि पनि बुद्ध सुखावती भन्ने निर्वाणपुरमा जीवित नै रहेका छन् । सुखावती जाने बाटोलाई नै बुद्धयान वा महायान भनिन्छ । उनीहरूले यो पनि विश्वास गर्छन् कि बुद्ध अवतार लिन आउँछन् । यदि यो कुरा सही हो भने हिन्दूधर्म र बुद्धधर्ममा केही फरक भएन । हिन्दूधर्मको मोक्ष र बुद्धधर्मको निर्वाण शब्दमात्र फरक भयो अर्थ अरू केही फरक भएन ।

थेरवादअनुसार निर्वाण भनेको अनुभव गर्ने र यही जीवनमा सुखको साक्षात्कार गर्ने ज्ञानबाहेक अरू कुनै ठाउँमा पुग्ने अदृश्यस्थान होइन । एक पवित्र, निष्कलङ्क, तृष्णारहित अवस्थालाई निर्वाण भनिन्छ ।

जेभएपनि थेरवाद (हीनयान) र महायान बुद्धधर्म एउटा रूखको शाखाझैं भन्नुपर्‍यो । दाजु भाइ दुइजना छुटेर बस्नेजस्तो भयो । थेरवाद र महायान दुबैबीच प्रतिस्पर्धाले



Downloaded from http://dhamma.digital


गर्दा बाटो फरक भयो । महायानी स्पष्टरूपमा भक्तिमार्गमा पऱ्यो । थेरवादीहरू ज्ञानमार्गमा पऱ्यो । महायानी पूजाविधि र मन्त्र तन्त्रमा फँसे । थेरवादी शिक्षा प्रचारमा लागे । कालान्तरमा थेरवादीहरू पनि बाध्य भएर पूजाविधिको जालमा फँसे साथै कर्मकाण्डमा पनि, तर थेरवादीहरूले बुद्धलाई गुरु र मार्गप्रदर्शकको रूपमा पूजा गरिरहनुभएको छ, वरदान लिनको लागि होइन ।

थेरवादीलाई हीनयान भनेतापनि त्यसमा एउटा विशेषता छ । पालित्रिपिटक र भिक्षुहरूको नियममा एकरूपता छ । श्रीलंका, बर्मा, थाइल्याण्ड, क्याम्बोडिया, लाओस देशहरूमा भिक्षुहरूको रहन सहन, वेशभूषामा एकरूपता देखिन्छ । परित्राणपाठ पालिभाषमा हुनेगर्छ । महायानग्रन्थमा र महायानीदेशहरूमा वस्त्र पहिरन र रहनसहनमा एकरूपता देखिँदैन । ललितविस्तर, सद्धर्मपुण्डरीक, बोधिचर्यावतार, प्रज्ञापारमिता आदि पुस्तकहरू पढेर जाँदा बोधिसत्त्व र बुद्धको बारेमा विभिन्न मतभेद देखिन्छ ।

❑



Downloaded from http://dhamma.digital



Dhamma Digital

धर्मचक्र

Downloaded from http://dhamma.digital

# लेखकका प्रकाशित नेपालभाषाका पुस्तकहरू

१. गौतम बुद्ध
२. बुद्धया अर्थनीति (संयुक्त)
३. तथागत हृदय
४. त्याग
५. दश संयोजन (सं)
६. भिक्षुया पत्र (भाग-१)
७. भिक्षुया पत्र (भाग-२)
८. पेकिङ्ग स्वास्थ्य निवास
९. बौद्ध शिक्षा
१०. न्हापांयाम्ह गुरू सु ?
११. मां-बौ लुमन
१२. हृदय परिवर्तन
१३. बौद्ध ध्यान (भाग-१)
१४. बौद्ध ध्यान (भाग-२)
१५. बाखं (भाग-१)
१६. बाखं (भाग-२)
१७. बाखं (भाग-३)
१८. बाखं (भाग-४)
१९. बाखं (भाग-५)
२०. बाखं (भाग-६)
२१. भिक्षुजीवन
२२. भिंम्ह मचा
२३. बाखंया फल (भाग-१)
२४. बाखंया फल (भाग-२)
२५. धम्मचक्कप्पवत्तनसुत्त
२६. क्षान्ति व मैत्री
२७. बोधिसत्त्व
२८. मूर्खम्ह पासा मज्यू
२९. श्रमण नारद (अनु.)
३०. ईर्ष्या व शंका
३१. चरित्रपुचः (भाग-१)
३२. चरित्रपुचः (भाग-२)
३३. योगीया चिट्ठी
३४. पालि प्रवेश (भाग-१)
३५. पालि प्रवेश (भाग-२)
३६. धर्म मसीनि
३७. सर्वज्ञ (भाग-१)
३८. सर्वज्ञ (भाग-२)
३९. दुःख मदैगु लँपु
४०. शिक्षा (भाग-१)
४१. शिक्षा (भाग-२)
४२. शिक्षा (भाग-३)
४३. शिक्षा (भाग-४)
४४. दान
४५. चमत्कार
४६. बुद्धया व्यावहारिक पक्ष धर्म
४७. व्यावहारिक प्रज्ञा
४८. दीर्घायु जुइमा
४९. ज्ञानमार्ग (भाग-१)
५०. ज्ञानमार्ग (भाग-२)
५१. बौद्ध नैतिक शिक्षा
५२. झिगू बन्धन
५३. मनू म्हसिइकेगु गय् ?
५४. संस्कृति
५५. बुद्धया करूणा व ब्रह्मदण्ड
५६. धर्मया ज्ञान
५७. कर्म व कर्मफल
५८. अमृत दान

Downloaded from http://dhamma.digital

# लेखकका प्रकाशित पुस्तकहरू

१. नेपाल चीन मैत्री
२. बौद्ध दर्शन
३. बुद्ध र व्यावहारिक धर्म
४. पञ्चशील
५. शान्ति
६. नारी हृदय
७. पेकिङ्ग स्वास्थ्य निवास
८. बौद्ध संस्कार (दो. सं.)
९. बौद्ध जगत्मा स्वास्थ्य सेवा
१०. निरोगी
११. बुद्धको विचारधारा
१२. मैले बुझेको बुद्धधर्म
१३. बौद्ध नैतिक शिक्षा (भाग-१)
१४. बौद्ध ज्ञान
१५. बुद्ध र बुद्धधर्मको संक्षिप्त परिचय
१६. धर्म चिन्तन
१७. बौद्ध ध्यान (विपस्यना ध्यान)
१८. सम्यक् शिक्षा (भाग-१)
१९. सम्यक् शिक्षा (भाग-२)
२०. सम्यक् शिक्षा (भाग-३)
२१. आर्यसंस्कृति
२२. आर्यशील र आर्य मार्ग
२३. निन्दाबाट बच्ने कोही छैन
२४. बुद्धकालीन प्रजातन्त्र र समाजवाद
२५. नारीहरुमा पनि बुद्धि छ
२६. बुद्धकालीन संस्कृति
२७. बुद्धकालीन संस्कृति र परिस्थिति
२८. पहिलो गुरू को हुन् ?
२९. बुद्धको संस्कृति र महत्त्व
३०. क्षान्ति र मैत्री (अनु. वीर्यवती)
३१. धर्म र हृदय
३२. बोधकथा र बौद्ध चरित्र
३३. कर्म र कर्मफल (अनु. भिक्षु संघरक्षि
३४. भिक्षुजीवन (अनु. भिक्षु संघरक्षित)
३५. दश संयोजन (अनु. भिक्षु संघरक्षित)
३६. २१ औं शताब्दीमा बुद्धको शिक्षा कि
३७. चित्त शुद्ध भए जीवन उज्ज्वल हुनेछ
३८. धर्म जीवन जिउने कला
३९. बुद्धको जीवनोपयोगी शिक्षा
४०. नक्कली देवता
४१. बुद्ध र बुद्धको धर्म
४२. समाजको लागि बुद्धको शिक्षा
४३. मानिसलाई असल बनाउने बुद्धको शि
४४. व्यावहारिक प्रज्ञा (अनु. भिक्षु संघरक्षि
४५. अमूल्य धन (अनु. भिक्षु संघरक्षित)
४६. बुद्धको चमत्कार
४७. दीर्घायु हुने उपाय
४८. नेपालमा थेरवादबुद्धधर्मको भविष्य

Downloaded from http://dhamma.digital